# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३३० | काठमाडौं | बुधबार, १३ चैत २०८१ | Prabhab National Daily | Wednesday, March 26, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
[illegible]@gmail.com


# कुलमानको पक्षमा तातियो सडक



मलाई हटाएको पत्र अझैसम्म प्राप्त भएको छैन । प्राप्त भएपछि बोलौंला ।

■ **कुलमान घिसिङ**
हटाइएका कार्यकारी निर्देशक



कार्यकारी निर्देशक नियुक्त हुँदा उहाँ बिजुली बोकेर आउनुभएको हो ? उहाँले चिम बोकेर आउनुभएको थियो ? ट्रान्समिसन लाइन बोकेर आउनुभयो कि ?

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री



कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक छ ।

■ **अग्निप्रसाद सापकोटा**
प्रवक्ता, नेकपा माओवादी केन्द्र

■ **जेबी योञ्जन**

**काठमाडौं–** कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएसँगै देशभर सरकारविरोधी माहोल बनेको छ । १८ घण्टा लामो लोडसेडिङ अन्त्य गरेपछि नेपाली जनताले 'उज्यालो नेपालका नायक' भन्दै सम्मान गरेका घिसिङलाई हटाउने निर्णयविरुद्ध जनता सडकमा उत्रिएका छन् ।

प्रमुख सत्तारूढ दल कांग्रेसकै नेताहरू कुलमान हटाउने सरकारी निर्णयको विरोधमा उभिएका छन् । नेकपा माओवादी केन्द्रसहितका विपक्षी दलहरूका नेता, नागरिक समाजका अगुवा, पूर्वप्रशासक, कलाकार, युवा तथा विद्यार्थीहरूले समेत विरोध गरेका छन् । कुलमान हटाउने निर्णय खारेज गर्न माग गरेका छन् ।

मंगलबार काठमाडौंसहित देशका विभिन्न स्थानमा कुलमानको पक्षमा युवा तथा विद्यार्थीहरूले स्वतःस्फूर्त प्रदर्शन गरे । मन्त्रिपरिषद् बैठकबाट हटाउने निर्णय गराउने प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दीपक खड्काविरुद्ध उनीहरूले सडकमा चर्को नाराबाजी गरे । ऊर्जामन्त्री खड्काको काठमाडौंको प्रदर्शनीमार्गमा नेकपा एकीकृत समाजवादीनिकट अनेरास्ववियूले पुत्ला दहन गरे । त्यहाँ प्रहरीले हस्तक्षेप गरेर पुत्ला नियन्त्रणमा लिएको थियो । नयाँबानेश्वर, माइतीघरलगायत क्षेत्रमा नेकपा माओवादी केन्द्रनिकट युवा विद्यार्थीहरूले प्रदर्शन गरे । केहीबेर झडपसमेत भयो ।

प्रदर्शनमा उत्रिएका युवा विद्यार्थीहरूले दलाल र बिचौलियाले बनाइदिएको सरकारले नेपाललाई उज्यालो बनाउने कुलमानलाई हटाएर गम्भीर गल्ती गरेको भन्दै आक्रोश पोखे । सामाजिक सञ्जालमा 'कुलमानले अँध्यारो हटाए, सरकारले कुलमानलाई हटाए' भन्दै विरोध भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा



**नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएको विरोधमा मंगलबार काठमाडौंमा भएको प्रदर्शनका क्रममा जलाइएको ऊर्जामन्त्री दीपक खड्काको पुत्ला ।**
*तस्बिर सौजन्यः नेपाल फोटो लाइब्रेरी*

## शाक्यले सम्हाले पदभार



नेपाल विद्युत् प्राधिकरणमा कुलमान घिसिङको स्थानमा कार्यकारी निर्देशक नियुक्त हितेन्द्रदेव शाक्यले कार्यभार सम्हालेका छन् । उनले मंगलबार साँझ प्राधिकरण पुगेर पदभार ग्रहण गरेका हुन् ।

त्यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शाक्यलाई नियुक्तिसँगै पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । सो क्रममा मन्त्री खड्काले नवनियुक्त कार्यकारी निर्देशक शाक्यलाई उद्योगीहरूसँग प्राधिकरणले लिनुपर्ने बक्यौता तत्काल असुल गर्ने प्रक्रिया अघि बढाउन निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## सरकारविरुद्ध पोखियो जनआक्रोश

■ **विविशा पौडेल**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको विषयलाई लिएर मंगलबार नयाँबानेश्वरमा प्रदर्शन भएको छ । प्रदर्शनमा सहभागी नागरिक, विद्युत् उपभोक्ता तथा समर्थकहरूले सरकारको निर्णयप्रति आक्रोश पोख्दै घिसिङको पुनर्बहाली माग गरे ।

प्रदर्शनमा भेटिएकी मञ्जु वनले सरकारले गरेको निर्णय गलत भएको बताइन् । उनी भन्छिन्, 'देशको एक कुशल व्यवस्थापकलाई हटाएको छ । नेपाललाई उज्यालो बनाउनेलाई सरकारले पूर्वग्राही भएर हटाएको छ ।'

क्रमशः पृष्ठ २ मा

लेखा समितिमा चर्काचर्की

# कुलमानलाई हटाउने निर्णयमा पुनर्विचार गर्न माग

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट पदमुक्त गरिएका कुलमान घिसिङबारेको निर्णय पुनर्विचार गर्नुपर्ने माग संघीय संसद्को सार्वजनिक लेखा समितिमा उठेको छ । मंगलबार समितिको बैठकमा विपक्षीसँगै सत्तारुढ दलका सांसदहरूले समेत उक्त माग गरेका हुन् । सोमबारको मन्त्रिपरिषद्ले घिसिङलाई पदमुक्त गर्ने निर्णय गरेसँगै सर्वत्र भइरहेको विरोध संसदीय समितिसम्म पुगेको हो ।

नेपाली कांग्रेसका अधिकांश सांसदले यो निर्णय विवादित रहेको भन्दै पुनर्विचार गर्न माग गरे । 'उहाँलाई नहटाउनुपर्ने थियो । अहिले चर्चा परिचर्चा भएको छ । लेखा समितिका तर्फबाट प्रधानमन्त्रीलाई पुनर्विचार गर्न पत्र पठाऔं,' कांग्रेस सांसद रामकृष्ण यादवले भने । सोमबारको मन्त्रिपरिषद्ले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई हटाएसँगै लेखा समितिमा यो विषयले चर्चा पाएको हो । हुलाकी, बिपी र अरनिको राजमार्गलगायत राष्ट्रिय राजमार्गहरूको वर्तमान अवस्थाबारे छलफल गर्न डाकेको समितिमा एकाएक कुलमानको विषयले प्रवेश पाएको हो ।

पूर्वउर्जामन्त्री जनार्दन शर्माले कुलमान हटाउने निर्णय सच्याउन माग गरे । 'कुलमान हटाउने मुख्य आरोप काम गर्न सकेन भन्ने रहेछ । यो कुरा कसैले पत्याउन्न । यो निर्णय सच्याइयोस्,' शर्माले भने । निर्णय नसच्याए सरकार पछुताउनुपर्ने उनको भनाइ थियो ।

कांग्रेस सांसद दीपक गिरीले आफूले हतपती राजनीतिक टिप्पणी नगरेको विगत सम्झाउँदै सरकारले कुलमान हटाएर अति गरेको बताए । 'मैले त लामो समयदेखि राजनीतिबारे टिप्पणी गर्ने गरेको थिइनँ । अति भो अति, अति भए खती हुन्छ । हाम्रो इज्जतमात्रै बचाइदिनुहोला,' गिरीले भने ।

यता कांग्रेसका अर्का सांसद अर्जुन नरसिंह केसीले जनतामा निराशा छाएको बेला सरकारले आगोमा घिउ थप्ने काम गरेको आरोप लगाए । कुलमान चार महिनापछि नियमित अवकाशमा जाने हुँदा पनि सरकार भने सर्वोच्च अदालतभन्दा माथि भएझैं गरी हटाउनु गलत भएको उनको भनाइ थियो । 'तीन-चार महिना रहेको कार्यकारी निर्देशकलाई आम निराशा देखेका बेला अहंकारले राम्रो गर्दैन । यो अत्यन्त गल्ती भएको छ । अहिले देखिएको निराशाका दृष्टिकोणले आगोमा घिउ थप्ने काम गरेको छ । सर्वोच्च अदालतभन्दा माथि सरकार छैन,' केसीले भने, 'जनमतलाई विपरीत बनाउने काम किन भइरहेको छ मैले बुझेको छैन । विनाशकाले विपरीत बुद्धि हो ।'

क्रमशः पृष्ठ २ मा

उहाँलाई हटाउनु हुन्नथ्यो । लेखा समितिको तर्फबाट प्रधानमन्त्रीलाई पुनर्विचार गर्न पत्र पठाऔं ।

■ **रामकृष्ण यादव**
सांसद, नेपाली कांग्रेस

कुलमानलाई मुख्य आरोप काम गर्न सकेन भन्ने रहेछ । यो कुरा कसैले पत्याउन्न । यो निर्णय सच्याइयोस् ।

■ **जनार्दन शर्मा**
पूर्वऊर्जामन्त्री

तीन-चार महिना कार्यकाल बाँकी रहेको कार्यकारी निर्देशकलाई हटाउनु अत्यन्त गल्ती भएको छ । अहिले देखिएको निराशाका दृष्टिकोणले सरकारले आगोमा घिउ थप्ने काम गरेको छ ।

■ **अर्जुननरसिंह केसी**
सांसद, नेपाली कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

मलेसियामा न्यूनतम पारिश्रमिकको समस्या

# म्यानपावर व्यवसायी र एजेन्टलाई जिम्मेवार बन्न दूतावासको आग्रह

## दूतावासले फोनसमेत नउठाएको भन्दै श्रमिक आक्रोशित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसियास्थित नेपाली दूतावासले त्यहाँ सुरक्षा गार्डमा कार्यरत नेपालीहरूले न्यूनतम पारिश्रमिक र सुविधा नपाएको समस्याप्रति ध्यानाकर्षण भएको जनाएको छ । दूतावासले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त विषयमा प्राप्त भएको गुनासोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

विज्ञप्तिमा श्रमिकहरूले मलेसिया सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक नपाएको, मलेसियाको श्रम ऐन तथा रोजगारदाता र श्रमिकबीच भएको सम्झौतामा भएका प्रावधानहरूको कार्यान्वयन नभएकोलगायत गुनासो प्राप्त भएको जानकारी दिइएको छ । यसैगरी सुरक्षा गार्डमा निरन्तर रूपमा दिनको १२ घण्टा, हप्ताको सात दिन र महिनाको ३० दिन काम गर्नु परेकोले आराम गर्ने समय नपाएको र अतिरिक्त समयमा गरेको कामको उचित पारिश्रमिक नपाएको गुनासोसमेत दूतावासमा प्राप्त भएको विज्ञप्तिमा उल्लेख छ ।

'रोजगारदाताहरूले तोकिएको मापदण्डअनुसारको उपयुक्त वासस्थानको व्यवस्था नगरेको, कतिपय वासस्थानमा खाना पकाउनेलगायतका न्यूनतम सुविधाको व्यवस्था नभएको, नेपालबाट सुरक्षा गार्डको काममा मलेसिया आउने श्रमिकहरू नेपालमै मोटो रकम तिरेर आउनुपर्ने भएकाले शोषणमा पर्ने गरेको जस्ता गुनासाहरू प्राप्त भएका छन्,' दूतावासले भनेको छ ।

श्रमिकहरूले दिनहुँ भोग्नुपरेका उल्लिखित समस्याहरूको सम्बोधन गर्न नेपालका वैदेशिक रोजगार व्यवसायी, मलेसियास्थित श्रमिक भर्ना गर्ने एजेन्सी तथा एजेन्टहरूलाई जिम्मेवार बन्न दूतावासले आग्रह गरेको छ । मलेसियामा श्रमिक भर्ना प्रक्रियालाई पारदर्शी, मर्यादित, भरपर्दो, सुरक्षित र व्यवस्थित बनाउन नेपालका श्रम ऐनहरूले सुनिश्चित गरेका प्रावधानहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्न पनि दूतावासले आह्वान गरेको छ ।

क्रमशः पृष्ठ २ मा




## दूतावासको विज्ञप्तिमाथि श्रमिकको आक्रोश

मलेसियास्थित नेपाली दूतावासको फेसबुक पेजमा मंगलबार प्रकाशित विज्ञप्तिमा श्रमिकहरूले आक्रोश पोखेका छन् । दूतावासको पेजमा प्रतिक्रिया दिने प्रायः सबै श्रमिकले दूतावासले विज्ञप्ति निकालेर 'कर्मकाण्डी' काम गरेको आरोप लगाएका छन् । यदि दूतावासले वास्तविक समस्या समाधान गर्ने हो भने श्रमिकहरू कस्तो अवस्थामा काम गर्छन्, बस्छन्, खान्छन् जस्ता विषयमा प्रत्यक्ष बुझ्नुपर्ने धारणा उनीहरूले राखेका छन् ।

सन्तबहादुर राईले लगातार छ दिनसम्म दूतावासको तीनवटा नम्बरमा कल गर्दा पनि फोन नउठेको गुनासो गरेका छन् ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमश:

## कुलमानको पक्षमा...

यस्तोमा प्रभाव संवाददातासँग संक्षिप्त प्रतिक्रिया दिँदै कुलमानले भने, 'मलाई हटाएको पत्र प्राप्त भएको छैन । पत्र पाएपछि बोलौंला ।'

विपक्षी दल माओवादी केन्द्रले कुलमानलाई हटाउने सरकारको निर्णयलाई बदनियतपूर्ण भनेको छ। मंगलबार पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले विज्ञप्ति जारी गरी विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक रहेको बताएका हुन् ।

'नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक छ । बिचौलिया र दलालहरूको स्वार्थमा गरिएको यो निर्णय कुशासनको पछिल्लो दृष्टान्त हो,' सापकोटाद्वारा जारी विज्ञप्तिमा भनिएको छ । घिसिङलाई हटाउने निर्णयले इमान र निष्ठाका साथ काम गर्ने कुशल प्रशासकमाथिको मनोवैज्ञानिक त्रास सिर्जना गरेको माओवादी केन्द्रको निष्कर्ष छ। माओवादी केन्द्रले घिसिङलाई हटाउने निर्णय अन्यायपूर्ण र अपमानजनक भएकाले तत्काल फिर्ता लिन पनि सरकारसँग माग गरेको छ ।

'यो निर्णय इमान र निष्ठाका साथ काम गर्ने समस्त कुशल प्रशासकमाथिको मनोवैज्ञानिक त्रास सिर्जना गर्ने उद्देश्यले गरिएको छ । यस प्रकारको अन्यायपूर्ण र अपमानजनक निर्णय तत्काल फिर्ता लिन हाम्रो पार्टी जोडदार माग गर्दछ,' विज्ञप्तिमा उल्लेख छ ।

कुलमान हटाइएपछि सत्ता साझेदार दल कांग्रेसभित्रै विरोध भएको छ । कांग्रेसकै विभागीय मन्त्री दीपक खड्काको प्रस्तावमा कुलमानलाई हटाउने निर्णय सोमबारको मन्त्रिपरिषद् बैठकले गरेको थियो । यो निर्णय बाहिरिएसँगै एमाले र कांग्रेसको संस्थापकपक्ष विरोधमा बोलेको छैन । इतर समूहका नेता डा. शेखर कोइराला र नेता अर्जुननरसिंह केसीले पनि यो निर्णयको विरोध गरेका छन् । कुलमान हटाउने निर्णयको विपक्षमा रहेका कांग्रेस नेताहरूले यो निर्णयलाई कांग्रेसले स्वीकार नगर्ने बताएका छन् । यसअघि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कुलमान हटाउने निर्णयको विरोध गरिसकेका छन्।

तर, कांग्रेसभित्र व्यापक विरोध भइरहेको यो प्रकरणमा सभापति शेरबहादुर देउवाले भने अर्थपूर्ण अभिव्यक्ति दिएका छन् । अबको डेढ वर्षपछि एमालेकै सहयोगमा प्रधानमन्त्री बन्ने पर्खाइमा रहेका देउवाले एमाले अध्यक्ष ओली नेतृत्वको सरकारलाई कांग्रेसको पूर्ण समर्थन रहेको बताएका छन्। जबकि कांग्रेस पदाधिकारी र नेताहरूले कुलमान हटाउने निर्णयको विरोध गरिरहेका छन् । तर, मंगलबार गिरिजापुत्री सुजाताले लेखेको पुस्तक विमोचन कार्यक्रममा ओलीलाई देखाउँदै देउवाले निकै राम्रो सम्बन्ध रहेको र अहिले सम्बन्ध झन् सुधार भएको बताएका छन् ।

कुलमानको बर्खास्तीले थप जटिलता सिर्जना गर्ने ऊर्जाविज्ञहरूले टिप्पणी गरेका छन् । वि.सं. २०७३ सालकै तिहारबाट सहरहरूमा 'लोडसेडिङ' सकिएको जनाउँदै २०७५ साल वैशाखमा पूरै देशलाई करिब डेढ दशकदेखि विद्युत् आपूर्तिमा जारी नियमित अवरोधबाट मुक्त बनाइएको थियो । लोडसेडिङमुक्त घोषणा गर्नुअघिका वर्षमा देशभित्र १८ घण्टासम्म बिजुली जाने गर्थ्यो भने प्राधिकरण अर्बौं घाटामा थियो । तर, घिसिङ कार्यकारी निर्देशक भएको केही महिनामै लोडसेडिङ अन्त्य भयो र प्राधिकरण लगातार नाफामा गयो । विद्युत् चुहावट नियन्त्रण आधाले घट्यो । विद्युतीकरण ४० प्रतिशतले बढ्यो । तर, उनै घिसिङलाई सरकारले हटाएको हो ।

कुलमान डेडिकेटेट फिडर र ट्रंकलाइन महसुलबापतको २२ अर्ब रूपैयाँ बक्यौता उद्योगी व्यवसायीबाट विद्युत् लाइन काटेरै भए पनि उठाउने पक्षमा थिए । तर, प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्काले ती उद्योगीहरूको चाहनाअनुसार बक्यौता उठाउन कुलमानलाई दिएनन् । यसपछि उत्पन्न लफडाबीच मन्त्री त कहिले मन्त्रिपरिषद् बैठकबाटै कुलमानमाथि पटक-पटक अनावश्यक स्पष्टीकरण सोध्ने काम भयो । अन्ततः स्पष्टीकरण चित्त बुझ्दो नभएको भन्दै उनलाई सरकारले हटायो ।

सरकारका प्रवक्ता गुरुङले फेरे बोली

मन्त्रिपरिषद् बैठक सकिएपछि सोमबार राति सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कुलमानलाई हटाउने निर्णयबारे सरकारलाई थाहा नभएको बताएका थिए । उनले सरकारले कुलमानलाई हटाउने निर्णय नै नगरेको दाबी गरेका थिए। तर, मंगलबार उनैले कुलमानलाई हटाउने निर्णय गरिएको सार्वजनिक गरे ।

पत्रकार सम्मेलन गर्दै उनले मन्त्रिपरिषद् बैठकले कुलमानलाई हटाउने निर्णय गरेको जानकारी दिए । उनले भने, 'नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने निर्णय भएको छ । रिक्त रहेको कार्यकारी निर्देशक पदमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गरिएको छ ।' सरकारका प्रवक्ता गुरुङले झूटा बोलेको पुष्टि भएको छ । पदीय गरिमा र जिम्मेवारी बिर्सेर उनले सोमबार जनतालाई ढाँटेको पाइएको हो ।

■■■

## सरकारविरुद्ध...

जनताको घरदैलामा गएर हातेमालो गरेर काम गरिरहेको बेला सरकारले यस्तो निर्णय गरेकाले विरोधका लागि सडकमा उत्रिन बाध्य भएको वनको भनाइ छ । उनी भन्छिन्, 'यो सरकारले गरेको निर्णयले कुलमानलाई केही हानि हुँदैन तर आमनेपाली जनतामा अध्यारो छाउने छ ।' ऊर्जामन्त्री दीपक खड्काले सेटिङमा कमिसन खान नपाएर घिसिङलाई हटाउन जोडबल गरेको उनले बताइन् ।

अर्का सहभागी माधवप्रसाद पाठकले १८ घण्टाको लोडसेडिङबाट मुक्त गरेर देश र जनताको निम्ति केही गर्ने कुलमानलाई सरकारले काम गर्न नदिए बताए । उनी भन्छन्, 'सरकारले कुलमान घिसिङलाई हटाउनु भनेको जनतालाई आँखामा पट्टी बाँधेर अध्यारोमा धकेल्नु हो ।'

कुलमानका समर्थक रमेश देवकोटाले तीन महिनाको कार्यकाल बाँकी रहेको अवस्थामा बर्खास्त गर्ने निर्णय गलत भएको बताए । उज्यालो नेपालका नायकलाई हटाउनु सरकारका लागि अभिषाप हुने उनले बताए ।

मंगलबार काठमाडौं उपत्यकासँगै देशका विभिन्न स्थानमासमेत विरोध प्रदर्शन भएका थिए । साँझ विभिन्न स्थानमा मसाल जुलुस निकालिएको थियो ।

■■■

## शाक्यले सम्हाले...

मन्त्री खड्काले ऊर्जा क्षेत्र नेपालकै समृद्धिको प्रमुख आधार रहेको भन्दै विद्युत् प्राधिकरणले इमानदार भएर जनताको पक्षमा नतिजा देखिने गरी काम गर्न निर्देशन दिए ।

शपथग्रहणपछि नवनियुक्त कार्यकारी निर्देशक शाक्यले आफ्नो मन, वचन र कर्मले प्राधिकरणलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे । शाक्य यसअघि पनि प्राधिकरणको कार्यकारी निर्देशक भइसकेका व्यक्ति हुन्। सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भएकै अवस्थामा कुलमानलाई हटाएर ओली सरकारले शाक्यलाई नियुक्त गरेको हो । शाक्य नातामा ओलीका साला पर्छन् ।

यसरी आफ्नो नातेदारलाई जागिर खुवाउन र बिलौलियाको सेवा गर्नेगरी कुलमान हटाएको भन्दै सर्वत्र असन्तुष्टि छ । तर, प्रधानमन्त्री केपी शर्मा ओलीले कुलमान लोडसेडिङ अन्त्य गर्ने व्यक्ति नभएको बताएका छन् । काठमाडौंमा मंगलबार कांग्रेस नेतृ सुजाता कोइरालाको पुस्तक लोकार्पण गर्दै उनले भने, 'कार्यकारी निर्देशक नियुक्त हुँदा उहाँ बिजुली बोकेर आउनु भएको हो ? उहाँले चिम बोकेर आउनुभएको थियो ? ट्रान्समिसन लाइन बोकेर आउनुभयो कि ?'

■■■

## कुलमानलाई हटाउने...

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले कुलमानमाथिको दण्ड दुईतिहाइ सरकारको कायरपन भएको तर्क गरे । 'कुलमानमाथिको कारवाही कायरताभित्रको दम्भ हो,' ढकालले भने ।

माओवादी सांसद अमनलाल मोदीले कुलमानलाई हटाएर बिचौलियाको काम गरेको आरोप लगाए । 'सरकारले बिचौलियाको काम गरिरहेको छ । बर्खास्त गर्ने निर्णयले दक्षिणपन्थीलाई मलजल गर्‍यो,' मोदीले भने । कुलमानलाई हटाएकोमा आपत्ति जनाउँदै उनले समिति सरकारको छायाँ बनेको ठोकुवा गरे । 'लेखा समिति सरकारको छायाँको काम गरिरहेको छ । हामीले यसको नेतृत्व प्रतिपक्ष पाउनुपर्छ भन्दा पनि टेरेको छैन,' मोदीले भने । शक्तिशाली सरकार भएसँगै संसदीय समितिहरू भुत्ते बन्ने गरेको संसद् सचिवालयकै पदाधिकारीहरू बताउँछन् ।

### कुलमानबारे बोल्न नदिएपछि चर्काचर्की

प्राधिकरणबाट पदमुक्त गरिएका घिसिङबारे समितिमा माओवादी सांसद मोदीले जिज्ञासा राख्दै थिए । तर समितिका सभापति ऋषिकेश पोखरेलले उनलाई विषयमा केन्द्रित हुन निर्देशन दिए। सभापति पोखरेलले विषयमा बोल्न समय पाएकै बेला आफ्नो धारणा राख्न पनि भने । यसअघि नै पोखरेलको चाहना थियो- कुलमानलाई जसरी पनि कारबाही गर्नुपर्ने । यो विषय लेखा समितिमा प्रस्तुत भएको पनि थियो ।

सभपातिलाई सत्तारुढ दलका सांसदहरूले साथ दिएपछि होहल्ला सुरु भयो । एमालेका सांसद गोकुल बास्कोटा, तारा लामा तामाङ, कांग्रेसका रामकृष्ण यादव, मञ्जु खाण र मोहन बस्नेतले सभापति पोखरेलको पक्ष लिँदै बोल्न नदिने अडानमा साथ दिए । मोदीले सार्वजनिक महत्त्वका विषयमा धारणा राख्न पाउनुपर्ने माग जारी राखेपछि भनाभन नै भयो । बोल्न पाउनुपर्ने भन्ने मोदीको अडानमा रास्वपाका सांसदहरू मनिष झा र हरि ढकालले साथ दिएका थिए ।

■■■

## म्यानपावर...

साथै, नेपाली श्रमिक भर्ना प्रक्रियामा अस्वस्थ प्रतिस्पर्धा भइरहेकोप्रति दूतावासले चासो देखाएको छ । मलेसियामा सुरक्षा गार्ड भर्नाको कोटा खुला भएपछि श्रमिक भर्ना प्रक्रिया अश्वस्थ भएकाले श्रमिकहरूको चरम शोषण हुने जोखिम बढेको जनाइएको छ। यस्ता अवाञ्छित कार्यहरूमा संलग्न नहुन राजदूतावासले अनुरोधसमेत गरेको छ । मलेसिया सरकारबाट सन् २०२५ को फेब्रुअरीदेखि लागू हुनेगरी वृद्धि गरिएको न्यूनतम तलब नपाएको खण्डमा दूतावासमा सम्पर्क गर्न श्रमिकहरूलाई आग्रह गरिएको छ । समस्यामा परेका श्रमिकले दूतावासको हटलाइन नम्बर, इमेल वा फेसबुक पेजमा उपलब्ध गराइएको अनलाइन फाराम भरेर पनि जानकारी गराउन सक्ने दूतावासले जानकारी दिएको छ ।

मलेसियामा विशेषगरी सुरक्षा गार्डमा गएका श्रमिकहरूले पाउनुपर्ने सेवासुविधा नपाएको गुनासो आएको विषय गत साता पूर्वश्रममन्त्री डोलप्रसाद अर्यालले प्रतिनिधिसभामा उठाएका थिए । श्रमिकहरूले ठगीएको र समस्यामा परेको कुरा दूतावासमा राख्दा बेवास्ता गर्ने गरेको गुनासो दैनिक आएको उनको भनाइ थियो । त्यसलगत्तै मलेसियास्थित नेपाली दूतावासले आफ्नो फेसबुक पेजमा समस्यामा परेका श्रमिकलाई फाराम भरेर गुनासो राख्न अनुरोध गरेको थियो। दूतावासको उक्त पोस्टमा श्रमिकहरूले तोकिएको न्यूनतम १७ सय मलेसियन रिंगिट र अन्य सेवासुविधा पनि नपाएको प्रतिक्रिया दिएका थिए । त्यसरी गुनासो गर्नेहरूले दूतावासमा उजुरी गर्ने श्रमिकले कम्पनीबाट उल्टै कारबाही सहनुपर्ने र केहीलाई नेपाल फर्काइएकोसमेत उल्लेख गरेका थिए ।

■■■

## दूतावासको...

गुनासो गर्दै राम थापा लेख्छन्, 'मलेसियाको एम्बेसीमा कति पटक फोन र इमेल गर्नुपर्ने हो ? रेस्पोन्स भन्ने कुरै छैन । सेक्युरिटी गार्डमा कति समस्या छ, एम्बेसीलाई पूरै थाहा छ । भएर के गर्नु काम सुक्को गर्ने होइन ।'

त्यस्तै सुरेशसिंह विष्टले दूतावासले पासपोर्ट बनाइदिनेबाहेक केही काम नगरेको जनाएका छन्। कविराज राईले पनि पैसा तिर्नुपर्ने काम तुरुन्तै बन्ने तर फोन उठाउने, मेसेजको रेस्पोन्स गर्नेजस्ता काम दूतावासले नगरेको गुनासो गरेका छन्। त्यस्तै सन्देश श्रेष्ठले मार्च १२ मा बुझाएको फारामको अहिलेसम्म प्रतिक्रिया नआएको जनाएका छन् ।


### बहराइनमा रोजगार

कम्पनी : WESTON CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/११ LT. No. 311221 चलानी नं. ६०२३०५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 100 | ३६,४१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

### युएइमा रोजगार

कम्पनी : Shapoorji Pallonji Mideast LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१२ LT. No. 310879 चलानी नं. ६०२२५४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Fitters | 22 | 0 | 1200 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

### कुवेतमा रोजगार

कम्पनी : THE RUNWAY LADY BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/११ LT. No. 320984 चलानी नं. ६०२३५१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN MANICURIST/PEDICURIST | 0 | 7 | 180 | ८०,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

### युएइमा रोजगार

कम्पनी : silver land Contractingllc.

पूर्व स्वीकृति मिति : २०८१/११/१२ LT. No. 321004 चलानी नं. ६०२३५१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter General | 3 | 0 | 1200 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labour(Builder) | 6 | 0 | 900 | ३३,६३५ | | | | | | | |
| 3 | Mason-concrete /tile /block/ Plaster/ Brick/ Stone/ Tile Layer | 3 | 0 | 1200 | ४४,८४५ | | | | | | | |
| 4 | Steel Fixer For Construction | 3 | 0 | 1200 | ४४,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८/०४२/४३
Himalayan Manpower Service Pvt. Ltd.
Sanepa-1, Lalitpur, Phone: +977-1-015183325, 015183326,5183327, 9809690214
9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com

### साउदीमा रोजगार

कम्पनी : AL QASR GLASS COMPAN

पूर्व स्वीकृति मिति : २०८०/१०/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१२ LT. No. 298057 चलानी नं. ६०२१३०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Labour | 9 | 0 | 1000 | ३६,५९० | | | | | | | |

कम्पनी : AL-WATAN FRESH CHICKEN TRADING EST

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ LT. No. 321045 चलानी नं. ६०२३५१४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 20 | 0 | 1000 | ३६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, १३ चैत, २०८१

**मेष** कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ।

**वृष** सम्भावना देखिए पनि समयमा काम नहुने।

**मिथुन** सुखद समाचारले उत्साह जगाउनेछ ।

**कर्कट** रोकिएका काम सम्पादन हुनेछ ।

**सिंह** सोचेको उपलब्धि तत्काल प्राप्त नहुने ।

**कन्या** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।

**तुला** मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला ।

**वृश्चिक** सानोतिनो समस्याले अल्झाउन सक्छ ।

**धनु** समाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।

**मकर** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।

**कुम्भ** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।

**मीन** काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ चैत, २०८१ (२६ , मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७२ | १३७.३२ |
| युरो | १ को | १४८.२८ | १४८.९३ |
| पाउन्ड स्टर्लिङ | १ को | १७७.१६ | १७७.९४ |
| स्विस फ्रैन्क | १ को | १५५.१८ | १५५.८६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.११ | ८६.४९ |
| क्यानाडियन डलर | १ को | ९५.४९ | ९५.९१ |
| सिङ्गापुर डलर | १ को | १०२.२७ | १०२.७२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १८.८५ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५१ | ३७.६७ |
| थाई भाट | १ को | ४.०४ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२२ | ३७.३९ |
| मलेसियन रिङ्गेट | १ को | ३०.८३ | ३०.९७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३२ | ९.३६ |
| स्विडिस क्रोनर | १ को | १३.५३ | १३.५९ |
| डेनिस क्रोनर | १ को | १९.८८ | १९.९७ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४३.५५ | ४४५.५० |
| बहराइन दिनार | १ को | ३६२.६९ | ३६४.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# न्याय सेवा अनलाइन प्रणालीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** न्याय प्रणालीलाई थप सहज र सरल बनाउन अनलाइन प्रणाली शुभारम्भ गरिएको छ । सर्वोच्च अदालतबाट सातै प्रदेशका मुख्य न्यायाधीवक्ताको कार्यालयहरूलाई दिइने पेसीको सूचना पठाउने तथा जिल्ला अदालतहरूले विशेष प्रकृतिको निवेदनउपर कारबाहीमा प्रयोग गरिने अनलाइन प्रणालीको मंगलबार शुभारम्भ गरिएको हो ।

अनलाइन प्रणालीको शुभारम्भ गर्दै प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्याय प्रणालीको सुधार गर्नैपर्ने भएको र त्यसका लागि प्रविधिको सुधार अतिआवश्यक भएको उल्लेख गरे । 'यस कार्यको शुभारम्भपछि न्याय प्रणाली दिगो, भरपर्दो, विश्वसनीय र पारदर्शी हुने छ भने अनियमितता, विकृति विसंगति हटाउन योगदान पुग्ने छ,' उनले भने । न्याय प्रणालीमा 'डिजिटाइजेसन' रूपान्तरण आजको अपरिहार्यता भएको प्रधानन्यायाधीश राउतको भनाइ थियो ।

सर्वोच्च अदालतले न्यायिक सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउने तथा अदालतलाई कागज प्रयोग न्यून हुने निकायका रूपमा विकास गर्ने लक्ष्यका साथ सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्दै आएको छ । सर्वोच्च अदालतले अदालतहरूको मुद्दा व्यवस्थापनका अधिकांश कार्य एकीकृत मुद्दा व्यवस्थापन प्रणाली र यसका ढाँचाहरूबाट गर्नेगरी व्यवस्था मिलाइएको जनाएको छ ।

उक्त प्रणालीमा नयाँ-नयाँ सेवा थप हुँदै आएकामा सर्वोच्च अदालतले हालै तयार पारेको अनलाइन प्रणाली सुरु गरेको हो ।

# अग्रवालको संयोजकत्वमा सुझाव समिति गठन

**काठमाडौं (प्रस)–** मानिसको मांसपेशी कमजोर बनाउने जटिल रोग 'मस्कुलर डिस्ट्रोफी'को पहिचान, उपचार, रोकथाम एवं पुनःस्थापनाका लागि दीर्घकालीन नीति तथा कार्ययोजना तयार पार्न वरिष्ठ कन्सल्टचान्ट तथा न्युरोलोजिस्ट प्रा.डा. जगदीशप्रसाद अग्रवाल संयोजकत्वको सुझाव समिति गठन गरिएको छ ।

यो रोगका बिरामीको संख्या बढेको भन्दै त्यसको पहिचान तथा रोकथामका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको पहलमा समिति गठन गरिएको हो । समितिको सदस्यमा त्रिवि शिक्षण अस्पतालका प्रा.डा. रोहितकुमार पोखरेल, 'मस्कुलर डिस्ट्रोफी फाउण्डेसन नेपाल'का अनिलकुमार उपाध्याय, त्रिवि शिक्षण अस्पतालकी प्रा.डा. मिता शाह राना तथा मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेल रहेका छन् ।

यसैगरी, नेपाल पेडियाट्रिक्स सोसाइटीका प्रतिनिधि तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकी निष्ठा श्रेष्ठ समितिको सदस्य र सदस्यसचिवमा मन्त्रालयका डा. पुष्पराज पौडेल छन् । स्वास्थ्य मन्त्रालयका अनुसार मांसपेशी कमजोर बनाउँदै हिँडडुल गर्न समस्या पार्ने आनुवांशिक रोगका बिरामी बढिरहेका छन् । रोकथाम तथा बिरामी र परिवारलाई पुनःस्थापना आवश्यक पर्ने भएकाले यसका लागि आवश्यक नीति तथा कार्यक्रम तयार पार्न समितिलाई जिम्मेवारी प्रदान गरिएको प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी गराए ।

नेपालमा हाल यसबाट ८०० जना प्रभावित भएको तथ्यांक छ । आनुवांशिकबाहेक अन्यमासमेत देखापर्ने जटिल प्रकृतिको रोगको गर्भावस्थामा हुने आनुवांशिक परीक्षणमार्फत ९५ प्रतिशत बिरामी पत्ता लगाउन सकिने विज्ञहरूको भनाइ छ । यो रोग भएका बालबालिका तथा अन्यलाई अतिरिक्त सेवा, विशेष सहयोग र मनोवैज्ञानिक सघनताको आवश्यकता पर्दछ ।

समितिलाई रोग रोकथाम, परिवार र स्वास्थ्यकर्मीलाई जानकारी दिन सचेतनामूलक कार्यक्रम तयार पार्ने तथा सामाजिक पुनःस्थापना र आत्मनिर्भरताका लागि कार्यक्रम तयार पार्ने योजना मन्त्रालयलाई बुझाउने कार्यादेश दिइएको छ ।

# नरैनापुरमा १७ घरगोठ जलेर नष्ट

**नेपालगन्ज (प्रस)–** बाँकेको नरैनापुर गाउँपालिकामा मंगलबार दिउँसो भएको आगलागीमा १७ घरगोठ जलेर नष्ट भएका छन् । गाउँपालिका-४ जयरामपूर्वामा भएको आगलागीबाट १७ घरगोठ जलेर नष्ट भएका जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक यामबहादुर मल्लले जानकारी दिए । स्थानीय जुमाई खाँको घरबाट लागेको आगो नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाका दुई दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । खरले छाएका र एक आपसमा जोडिएका घरगोठमा लागेको आगो करिब डेढ घण्टापछि नियन्त्रणमा आएको प्रहरी निरीक्षक मल्लले बताए । क्षतिको विवरण संकलन भइरहेको उनले बताए ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।१२।११ गते काठमाडौं, विष्णुमति लिंक रोड शोभाभगवती ढल्कु चोकमा पार्किङ गरिराखेको कालो/रातो रङ्गको Pulsar 220 cc मोटरसाइकल साँझको अन्दाजी ७:०० बजेदेखि ७:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : प्रविन तामाङ**
**बाइक नं.: बा.प्र.०२ ०५३ प ०७८२**
**च्यासिस नं.: MD2A13EX4RCD81658**
**इन्जिन नं. : DKXCRC26424**
**ठेगाना: ढल्कु, काठमाडौं**
**सम्पर्क: ९८१३६००७०८, ९८४५३१२९८३**

## नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१३ गते**

यस कम्पनीको मिति २०८१/१०/०२ मा सम्पन्न विशेष साधारण सभा बैठकको निर्णय बमोजिम साविक कम्पनी **दास अन्लाइन कोन्टेस्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०८१/१०/०७ गतेको पत्रानुसार काठमाडौं महानगरपलिका-३२, काठमाडौंमा राख्न स्वीकृति सहित कम्पनीको नाम परिवर्तन गरी **कुमार ट्रेडिङ कम्पनी** (प्रा.लि.नं. ३३७७२१) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Infrastructure Development Office, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.

**Date of publication: 26th March 2025 (Chaitra 13 , 2081)**

**Last Date of bid Submission: 25th April 2025 (2082-01-12) at 12:00 Noon for NCB**

| SN | Description of Works | Estimated Amount With VAT and PS |
|---|---|---|
| 1 | Jhapa Ga.Pa. 2,4 ko Jhapa Bazzar Hulaaki sadak maa ward no-4 ko Ward Karyaalaya dekhi Paschim Jhapa Bazzar hudai Pancham ko Mil samam ko Sadak, Jhapa Rural Municipality-2, Jhapa **(Contract ID: IDO-JHP/W/NCB/MR-116/081-82)** | 3861128.07 |
| 2 | Upgrading of Kirat chowk dakshin namuna basti hudai saraswati ma vi jane sadak, Haldibari 1, jhapa **(Contract ID: IDO-JHP/W/NCB/MR-117/081-82)** | 2412645.16 |

All interested bidders may visit the website **www.bolpatra.gov.np/egp** for the detail information.

**Notice**

This is to notify to all the bidders that the Contract IDO-JHP/W/NCB/MR-13/081-82 and IDO-JHP/W/NCB/MR-28 /081-82 has been cancelled

*Office Chief*

## श्री महोत्तरी जिल्ला अदालत
**जलेश्वर**

### बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

**प्रकाशन मिति: २०८१/१२/१३**

यस कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount with PS & (w/o VAT) |
|---|---|---|---|---|
| 1 | MDC/Mahottari /Goods/NCB/01-2081/082 | Furniture & Furnishing Works of Mahottari District Court, Jaleshwor, Mahottari. | Jaleshwornath Traders, Jaleshwor-2, Mahottari | 23,96,281.05 |

**कार्यालय प्रमुख**

## Invitation for Bids

## Gramthan Rural Municipality

**Date of publication: 2081/12/13**

1. ***Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LS, PS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/ WORKS/ 26-081-082 | Mahendra Mabi Dekhi Purba Samudayik Bhawan | 4999581.49 | 3000 | 125000 | |

## नेपाल नागरिक उड्डयन प्राधिकरण
## गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
**भैरहवा,रुपन्देही**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति २०८१/१२/१३**

यस गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयबाट मिति २०८१/१०/०२ गते हिमालय टाइम्स् राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | मूल्याङ्कित कबोल रकम (मू.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| १. | NCB-08/ GBIA/081-82 | M/S Goodwill Multi Suppliers Pvt. Ltd., Kathmandu | रु. ४९,२१,००२।१८ (अक्षरेपी उनन्चास लाख एक्काइस हजार दुई रुपैयाँ अठाह्र पैसा मात्र) |

## Kshireshwornath Municipality
**Municipal Executive Office**
**Mahendranagar, Dhanusha**
**Madhesh Province**

### Quotation for HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

***Date of second Publication : B.S.2081/12/13(A.D.2025/03/26)***

1. The Ministry of Labor, Employment and Social Security (MOLEES) Prime Minister Employment Program (PMEP) Transformation Initiative (YETI) project.Kshireshwornath Municipality, Dhanusha District has received has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment fund on conditional grant through fiscal transfer from the YETI project and intends to apply part of proceeds toward payments under the contract for Hiring a Firm For Skill Development Training in Kshireshwornath Municipality .
2. A Firm will be selected through an open competitive process under the procedures "as specified in the project operations manual of YETI project from Request for Quotation (RFQ)
3 Kshireshwornath Municipality Dhanusha, District invites sealed quotation from the qualified firm. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQDocument fee (Non-Refundable) | Deadline of RFQ Document Purchase | RFQ Submission Deadline (Date & Time) | RFQ Opening Date & Time |
|---|---|---|---|---|---|
| 1. | Hiring a Firm For Skill Development Training In Kshireshwornath Municipality KSHIRESHWOR/ PMEP/YETI/01/2081/082) | Rs:1000 | 2081/12/13 | 2081/12/19 12:00 Noon | 2081/12/19 2:00 PM |

4. Bidder should deposite the cost of bidding document in the office revenue account.
   Account Holder's Name GA1-1 Kshireshwornath Municipality Aantarik Rajaswa Khata
   Account Number's :1240100301010002 (Bank's Name:- Rastriya banjiya bank, Mahendranagar, Dhanusha)
   revenue code:-142290301
5. The detail of the service requirements, eligibility and qualifications required is found in term of reference (Annex-1)
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of last date for purchasing submission and opening of RFQs falls on a Government Holiday the next working day shall be considered the last day.In such a case the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The Kshireshwornath Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to contract award without there by incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information Please visit www.kshireshwornathmun.gov.np or contact to the Kshireshwornath Municipality office, Mahendranagar Dhanusha.

**Chief Administrative Officer**

## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल
**कनकाई नगरपालिका-३, झापा**
**कोशी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा

**सूचना प्रकाशन भएको मिति २०८१/१२/१३**

यस कार्यालयबाट २०८१/१०/२७ गते (तदनुसार 09 February, 2025) को प्रभाव राष्ट्रिय दैनिकमा नगर हस्पिटलको औषधि तथा औषधिजन्य सामाग्रीहरु खरीदका लागी विधुतिय दरभाउपत्र आवहान भएअनुसार प्राप्त दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित दरभाउपत्रहरु न्यून मूल्यांकित भई सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.नं. | विवरण | छनौट भएका दरभाउपत्रदाताको नाम/ठेगाना | औषधिको संख्या | कुल कबोल रकम | अक्षरीपी |
|---|---|---|---|---|---|
| 1 | Procuricent of Medicine and Related Items For Hospital Pharmacy and Hospital Use | श्रिगणेश ड्रग हाउस, बिराटनगर मोरङ्ग | 137 | 6164898 | एक्सठ्ठी लाख चौसठ्ठी हजार आठ सय अन्ठानब्बे |
| 2 | | अमन फार्मेसी, बिर्तामोड झापा | 102 | 4406390 | चवालिस लाख छ हजार तिन सय नब्बे |
| 3 | | कालिमा ड्रग डिष्ट्रिब्यूटर, अर्जुनधारा झापा । | 102 | 5095057 | पचास लाख पन्चानब्बे हजार सन्ताउन्न मात्र |
| 4 | जम्मा | | 342 | 15666345 | एक करोड छपन्न लाख छैसठ्ठी हजार तिन सय पैतालिस मात्र |

**बोधार्थ:**

सम्पुर्ण Procuricent of Medicine and Related Items For Hospital Pharmacy and Hospital Use. IFB No.: KANKAI/NCB/GOODS/6/2081-82 सँग सम्बन्धित दरभाउपत्र दाताहरु ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जनआक्रोश बढाउने कदम

लामो रस्साकस्सीपछि सरकारले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको नेतृत्वबाट हटाएको छ । सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गर्ने निर्णय गरेसँगै सरकारविरोधी माहोल बढेको छ । सरकारको यो स्वार्थपूर्ण निर्णयले जनआक्रोश बढाउने काम गरेको छ । मन्त्रिपरिषद्ले घिसिङलाई बर्खास्त गरेको विषयमा सोमबार सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले झूठो बोले । उनै मन्त्री गुरुङले मंगलबार सुशासनका लागि घिसिङलाई हटाइएको प्रस्टीकरण दिन भ्याए । प्रधानमन्त्री केपी शर्मा ओलीले यो प्रकरणलाई 'तिल'सँग तुलना गरेका छन् । सत्तारुढ दल नेपाली कांग्रेसले भने 'जनतामा निराशा छाएको बेला हटाउनु गलत' भन्दै 'फेस सेभिङ' गरिरहेको देखिन्छ ।

कुलमान एक कुशल कर्मचारी हुन् । देशमा १८ घण्टा लोडसेडिङ भइरहेको समयमा प्राधिकरणको नेतृत्व सम्हालेर कुलमानले नाम कमाए । उनको कुशल व्यवस्थापनकै कारण प्राधिकरण नाफामा पनि छ । कानुनीरूपमा उनी अझै पनि चार महिना प्राधिकरणको नेतृत्वमा बस्न पाउँछन् । तर एमाले अध्यक्ष ओली नेतृत्वमा सरकार गठन भएको दिनदेखि नै कुलमानलाई हटाउन लागिपर्‍यो । जसकारण कुलमानले भदौयता प्राधिकरणमा राम्ररी कामै गर्न पाएनन् । सरकारले गत भदौबाटै उनलाई निशाना बनाउन सुरु गरेको थियो । ओलीको मोहोरा बने ऊर्जामन्त्री दीपक खड्का ।

विवादैविवादकाबीच ऊर्जामन्त्री बनेका खड्कालाई प्रयोग गर्न कांग्रेसलाई पनि सजिलो बन्यो । किनभने कुलमान कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएकै बेला दोस्रोपटक प्राधिकरणमा नियुक्त भएका हुन् । कामकै कारण कुलमान राजनीतिक वृत्तदेखि सर्वसाधारणसम्म लोकप्रिय बन्न सफल भएकाले हत्तपत्त हटाउन हच्किएको थियो कांग्रेस । तर एमाले नेतृत्वले भने उनलाई देखिसहेन । कारण अहिले प्राधिकरणमा पुनःनियुक्ति पाएका हितेन्द्रदेव शाक्यको ठाउँ उनले 'रिप्लेस' गरेका थिए । शाक्य एमालेको सरकार हुँदा प्राधिकरणको नेतृत्वमा पुगेका व्यक्ति हुन् । २०७७ को अन्त्यतिर उनलाई ओलीले उक्त पद थमाइदिए पनि २०७८ साउनको अन्तिममा उनी बाहिरिनुपरेको थियो ।

अन्धकार हटाएर उज्यालो छाइदिएको कुलमानले दोस्रो कार्यकालमा बंगलादेशसँग बिजुली व्यापारको ढोका खोलिदिए । किनेर बिजुली बालिरहेको नेपालले बेच्न पनि सक्छ भन्ने उदाहरण उनकै पालामा भयो । तर जब देशकै उद्योगीबाट डेडिकेटेड र ट्रंकलाइनको बक्यौता उठेन, कुलमानको पद धरापमा पर्‍यो । उनले बक्यौता उठाउन हरप्रयास गर्दा पनि सरकारले सघाएन । बरु विभिन्न आयोग बनाएर कुलमानलाई दुःख दिने काम सरकारले गर्‍यो । जाँदाजाँदा पनि कुलमानले यो बक्यौता उठाउने प्रयास गरेका थिए । तर सरकारले पदबाटै बर्खास्त गरेपछि उनको केही जोर चलेन ।

सरकारले कुलमानलाई अटेरीको भिल्ला भिराए पनि बक्यौता उठाउन सरकारले समन्वयकारी भूमिका निभाउनुपर्ने थियो । जसरी कुलमानलाई गल्हत्याएर पठाइएको छ, त्यही बक्यौता उठाउने जिम्मेवारी अब शाक्यको काँधमा आएको छ । कुलमान नेतृत्वमा रहेको बेला बक्यौता नतिर्ने उद्योगीले के शाक्य नेतृत्वलाई तिर्ला ? के ऊर्जामन्त्री खड्का यो मामलामा अब्बल देखिएला ? यदि यही तिल हो भने यो भोलि पहाड नबनोस् प्रधानमन्त्रीज्यू ।

## श्रम सरोकार

### वैदेशिक रोजगारमा जानेले घरपरिवारलाई छोड्नुपर्ने कागजातहरू

उल्लिखित कागजातहरू घरपरिवारको साथमा छोडेमा विदेशमा रहँदाका बखत कुनै समस्यामा परेमा समस्याबाट छुटकारा पाउनका लागिसहयोगी हुने छन् । साथै, उक्त कागजातको सहायतामा कामदारको उद्धार गर्न सम्बन्धित निकाय तथा परिवारलाई समेत मद्दत पुग्ने छ ।

रोजगारीका लागि विदेश पुगिसकेपछि उपरोक्त बमोजिमका सम्पूर्ण कागजातका एक/एक प्रति आफ्नो साथमा राख्नका लागि स्वदेशमा नै रहँदा बन्दोबस्त मिलाउनुपर्दछ । विदेशमा रहँदा, घुम्न निस्कँदा वा जुनसुकै अवस्थामा पनि आफ्नो परिचय खुल्ने पासपोर्ट वा परिचयपत्र (आइडिकार्ड) सधैं साथमा राखिरहनु पर्दछ । अन्यथा प्रहरीले कुनै पनि बेला पक्राउ/सोधपुछ गर्न सक्दछ र हैरानी खेप्नुपर्ने हुनसक्छ ।

- पासपोर्ट (राहदानी) को प्रतिलिपि
- मेडिकल रिपोर्ट (स्वास्थ्य परीक्षण प्रमाण)को प्रतिलिपि
- भिसा (प्रवेशाज्ञा) को प्रतिलिपि
- अभिमुखीकरण तालिम प्रमाणपत्रको प्रतिलिपि
- देशगतरूपमा प्रहरी प्रतिवेदन आवश्यक भएमा त्यसको प्रतिलिपि
- इन्स्योरेन्स पोलिसी (बिमा अभिलेख) बिमा गरिएको कागजातको प्रतिलिपि
- वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गरेको रकमको रसिदको प्रतिलिपि
- करारनामाको प्रतिलिपि
- लेबर पर्मिसन स्टिकर (श्रम स्वीकृति) को प्रतिलिपि
- हवाई टिकटको प्रतिलिपि
- नागरिकता (नागरिकताको प्रतिलिपि आफ्नै साथमा राख्नुपर्दछ । सम्बन्धित म्यानपावर कम्पनीको नाम, ठेगाना र सम्पर्क नम्बर, आदि) ।

# आर्थिक-सामाजिक विकासमा नागरिक समाजको भूमिका



■ गम्भीरबहादुर हाडा

नागरिकहरूका समान चाहना, मूल्य र प्रतिबद्धतालाई अभिव्यक्त गर्ने संगठित समूहको काम पनि नागरिक समाजले गर्दछ । नागरिक समाज विकासको वैकल्पिक मार्ग पनि हो । यसले जनमुखी विकासको माग राख्दछ । नागरिक समाज राज्यका विरूद्धमा होइन, यससँग मिलेर नीतिगत विषयमा ठोस निर्णय लिन सक्रिय रहन्छन् ।

नागरिक समाज समकालीन विश्वको चर्चित विषयहरूमध्येको एक हो । यस शब्दावलीको प्रयोग रोमन दार्शनिक सिसेरोदेखि लिएर प्राचीन ग्रिकहरूलेसमेत गरेका थिए । तर उनीहरूले नागरिक समाजलाई राज्यभन्दा फरक अर्थमा लिएका थिएनन् । पछि आएर प्रसिद्ध दार्शनिक फ्रेडरिक हेगेलले नागरिक समाज भनेको परिवारभन्दा व्यापक र राज्यभन्दा अलग अस्तित्वमा भएको समूह हो भन्ने अर्थमा परिभाषित गरे जुन आजको नागरिक समाजको अवधारणासँग मिल्दोजुल्दो भएको मानिन्छ । यसरी नागरिक समाजको अवधारणा धेरै पुरानो भएता पनि विगत दुई दशकदेखि यसको व्याख्या, प्रयोग र भूमिकाको बारेमा धेरै ठूलो बहस हुँदै आएको छ ।

नागरिक समाज भनेको गैरराज्य तथा गैरसरकारीरूपमा तल्लो तहबाट संगठित स्वयंसेवी मानिसहरूको समूह, संगठन वा गतिविधि हो । नागरिक समाजको विकासलाई २०औं शताब्दीको महत्त्वपूर्ण उपलब्धिहरूमध्ये एक मानिएको छ । व्यापक दृष्टिकोण, बहुमुखी उद्देश्य नीति तथा कार्यक्रमका साथै बृहत्तर सम्बन्ध भएका नागरिकहरू नै यसका संगठनकर्ताका रूपमा रहेका हुन्छन् । नागरिक समाजलाई जनशक्तिको स्रोत र बहुसंख्यक जनताहरूको जमघटको थलो मानिन्छ । यो बहुसंख्यक मानिसहरूको जीवनस्तरलाई उकास्नका लागि आवश्यक पर्ने दक्षता र क्षमताको संयोजन गर्ने ठाउँ पनि हो । यसैगरी नागरिक समाजको विभिन्न सामाजिक समुदायहरूका बीच विचार विमर्श गर्ने, संगठित हुने र आ-आफ्नो विकास गर्ने सभा मञ्चसमेत प्रदान गर्दछ ।

नागरिकहरूका समान चाहना, मूल्य र प्रतिबद्धतालाई अभिव्यक्त गर्ने संगठित समूहको काम पनि नागरिक समाजले गर्दछ । नागरिक समाज विकासको वैकल्पिक मार्ग पनि हो । यसले जनमुखी विकासको माग राख्दछ । नागरिक समाज राज्यका विरुद्धमा होइन, यससँग मिलेर नीतिगत विषयमा ठोस निर्णय लिन सक्रिय रहन्छन् । वस्तुतः नागरिक समाज आजको उपज होइन । प्राचीनकालदेखि नै यसका बारेमा चिन्तन गर्न थालिएको पाइन्छ । सबै राजनीतिक विचारधारा भएका दार्शनिकहरूले यसको वकालत गरेका छन् । कार्लमार्क्स, इमानुएल कान्ट र अगस्ताइनलाई उदाहरणको रूपमा लिन सकिन्छ । आधुनिक समयमा अभिताह एञ्जिओनी ल्यारी डायमण्ड र माइकल बल्जरजस्ता विद्वानहरूले यसको वकालत गरिरहेका छन् । एञ्जिओनीले त नागरिक समाजलाई 'समुदायको आत्मा'सम्म मानेका छन् ।

नेपालमा ऐतिहासिककालदेखि नै नागरिक समाजले राज्यशक्तिसँग मिलेर काम गर्दै आएको छ । लिच्छवी र मल्लकालीन नेपालमा नागरिक समाजको भूमिका बडो महत्त्वपूर्ण थियो । नेपालको एकीकरणमा पनि नागरिक समाजका संगठनहरूले महत्त्वपूर्ण योगदान पुर्‍याएका थिए । राणाकालीन राजनीतिमा भने यिनीहरू फस्टाउन सकेनन् । हुन पनि अधिनायकवादी राज्य परम्परामा नागरिक समाजलाई पूरै दबाइएको हुन्छ । यति हुँदाहुँदै पनि प्रजातन्त्रको स्थापनामा नागरिक समाजले महत्त्वपूर्ण भूमिका खेलेको हामी पाउँछौं । प्रजातन्त्रको पुनर्स्थापनापश्चात नागरिक समाजका संगठनहरू फेरि सक्रिय हुन थालेका छन् । आजभोलि नागरिक समाजका संगठनहरू प्रजातान्त्रिक वातावरणको सिर्जना, मानवअधिकारको प्रत्याभूति, लैंगिक समता, वातावरण संरक्षण, सुशासन, आधारभूत आवश्यकताको पूर्ति र स्वावलम्बनमा आधारित विषयहरूमा केन्द्रित छन् ।

गैरसरकारी हुँदाहुँदै पनि नागरिक समाज भनेको गैरराजनीतिक हुँदैन । राज्यका सामाजिक, आर्थिक र राजनीतिक जीवनको विभिन्न पक्षमा भूमिका खेल्छ । नागरिक समाजले राज्य र बजारको करकापपूर्ण क्षमतालाई मानवीकरण गर्न मद्दत गर्छ । यसले राजनीतिज्ञ, उद्योगपति, व्यापारिक वर्ग र राज्यका पदाधिकारी वर्गलाई जनताप्रति जवाफदेही बनाउँछ । समाजका अल्पसंख्यक, किनार परेका र गरिब तप्काका हितहरूलाइ एकत्रित गर्ने भूमिका खेल्छ । राजनीतिक र आर्थिक प्रक्रियाहरूबाट बाहिर परेकाहरूको हित र चासोहरूलाई अभिव्यक्त गर्छ । विकास-दूरदृष्टि, युक्ति र विकल्पका विषयमा चल्ने नीतिसम्बन्धी वार्तामा संलग्न हुन नागरिक संगठनहरूका लागि स्थान सिर्जना गर्न मद्दत गर्छ । विकासका सरकारी प्रयत्नहरूमा मद्दत पुर्‍याउन नागरिकहरूलाई आवश्यक पर्ने कौशल, ज्ञान र स्रोतहरू उपलब्ध गराउँछ । सामाजिकीकरण र परिचालन कार्यको संयन्त्रका रूपमा भूमिका खेल्छ । निर्णय निर्माणमा पारदर्शी, विकेन्द्रित र बहुलवादी दृष्टिकोण विकास गर्न मद्दत गर्छ । सामाजिक एकता र सामाजिक पुँजीको विकासका चुनौतीहरूलाई मुकाविला गर्ने स्थान प्रदान गर्छ ।

सामाजिक संस्थाहरूले राजनीतिक एवं आर्थिक संस्थाहरूसँग सहकार्यको प्रक्रियालाई मजबुत बनाउन सघाउँदछन् । जनशक्तिकरण र सहभागिताका लागि अनुकूल नियम कानुन बनाउन सहमति र गठजोडका आधारहरू फराकिलो पार्न मद्दत गर्छ । अर्थतन्त्रको सामाजिक आधार विस्तार गर्न मद्दत गर्छ । असल शासनका विविध पक्षको विकास गर्न सहयोग गर्छ । आर्थिक सुरक्षा, भूमिसुधार, लैंगिक समानता र सामाजिक अधिकारमा परम्परागत संरचनाहरूलाई अघि बढाइ वैकल्पिक आर्थिक शासनको प्रत्याभूति गर्न सघाउ पुर्‍याउँछ । राज्यको कठोर हस्तक्षेप र बजारको अदृश्य हातबाट उत्पन्न हुने आर्थिक विच्छृंखलताबाट समाजलाई छुटकारा दिन नागरिक समाजले सामाजिक अर्थतन्त्रको वैकल्पिक कार्ययोजना अघि सार्छ । यो अर्थतन्त्र गैरज्यालादारी, गैरमौद्रिक र गैरबजारी हुन्छ । अर्थतन्त्रको क्षेत्रमा यो आर्थिक निर्भरताभन्दा आत्मनिर्भरता, पन्छाउनुभन्दा सहभागिता, व्यक्तिभन्दा समुदाय, एकरूपताभन्दा विविधता र बजारको अदृश्य हातभन्दा वास्तविक जनतामा आधारित भई भूमिका खेल्न अग्रसर हुन्छ ।

स्थानीयस्तरबाट संगठितरूपमा स्वयंसेवी जमातको सक्रियतामा स्पष्ट दृष्टिकोण ध्येय लिएर स्थापना भएका नागरिक समाजको मेरुदण्ड भनेको बहुसंख्यक जनताहरूको जमघट, बृहत्तर सोच र सम्बन्ध भएका नागरिकहरूको जमात हुन् । प्रजातान्त्रिक मूल्य मान्यताको सिर्जनामा सक्रियतापूर्वक लागि रहने स्वतन्त्र मानिसको जमातको रूपमा क्रियाशील नागरिक समाजका उद्देश्यहरू यसप्रकार छन्ः

१. मानवीय जीवनस्तर निर्माणका लागि चाहिने दक्षता र क्षमताको अभिवृद्धि गर्नु,
२. विचारको आदानप्रदान, संगठित समाजको निर्माण र आफ्नोपनको निर्माण गर्ने उपयुक्त स्थलको रूपमा लिनु,
३. विचारको विविध संरचना, भूमिका, चाहना र विचारहरूको संश्लेषण गरी सामाजिक आवश्यकतालाई पूरा गर्नका लागि विश्लेषणको माध्यमको रूपमा जनसंगठन निर्माण गर्नु,
४. सामाजिक मूल्य मान्यता, चाहना र आवश्यकता, प्रतिबद्धता र संकल्पको अभिव्यक्तिको स्थलको निर्माण गर्नु,
५. विकासका लागि वैकल्पिक उपायको निम्ति सहभागितामूलक पद्धतिको विकास र विस्तार गर्नु,
६. समान उद्देश्यका लागि सामूहिक भावनामा बाँधिएको सञ्जालको निर्माण गर्नु,
७. राज्यशक्तिका नीतिगत विषयमा व्याख्या र ठोस निर्णय गर्दै सामाजिक घटनाक्रमहरूलाई आलोचनात्मक रूपमा ग्रहण गर्नु ।

### नेपालमा विद्यमान नागरिक समाजलाई देहायबमोजिम वर्गीकरण गर्न सकिन्छः

- आर्थिक समूहः नेपाल उद्योग वाणिज्य महासंघ, व्यापार संघ आदि ।
- धार्मिक सांस्कृतिक समूहः हिन्दू र बौद्ध महासंघ, मंका खलः आदि ।
- शैक्षिक र सूचनामूलकः पत्रकार महासंघ, सञ्चारिका समूह ।
- पेसागत समूहः विभिन्न पेसा र व्यावसायिक संघहरू ।
- उपभोक्ता समूह, मानवअधिकार समूह, निर्वाचन पर्यवेक्षण समूहलगायत ।

नागरिक समाजको उद्देश्यको अध्ययनबाट नै स्पष्ट हुन्छ कि आधुनिक राज्य व्यवस्थामा यिनको ज्यादै ठूलो महत्त्व छ । सरकारले राज्यका सम्पूर्ण काम एक्लै गर्न सक्दैन । सेवाग्राही जनताको वास्तविक आवश्यकताको पहिचान गर्ने र तिनको परिपूर्ति गर्न सहयोग पुर्‍याउने कार्यका लागि यस्तै संस्थाहरूमा सरकारले भर पर्नुपर्छ । प्रजातान्त्रिक समाजमा जनपरिचालनको माध्यमबाट राष्ट्र निर्माणको कार्यलाई प्रभावकारी बनाउन यस्ता संस्थाहरूको आवश्यकता महसुस गरेर नै यस अवधारणाको विकास भएको हो ।

नागरिक समाज मानवीय सभ्यता र सचेतनाको उपज हो । एञ्जिओनीले नागरिक समाजलाई समुदायको आत्मा नै भनेका छन् भने दार्शनिक फेडरिक हेगलले नागरिक समाजलाई परिवारभन्दा व्यापक र राज्यभन्दा अलग अस्तित्त्व भएको समुदायमा आधारित कार्यमा समर्पित समूह भनेका छन् । समाज भनेको मानिसहरूबीचको जटिल सम्बन्धको जालो हो । नागरिक समाज भनेको राज्यद्वारा प्रदत्त मौलिक अधिकारको उपयोग गर्ने तथा राज्य तथा समाजप्रतिको आफ्नो कर्तव्यकोसमेत पालना गर्ने सभ्य तथा चेतनशील नागरिकहरूको पारस्परिक सम्बन्धबाट विकसित भएको समाजलाई नागरिक समाज भनिन्छ । यसरी नागरिक समाज चेतनशील मानव समुदाय हो । जो आफ्नो मुलुक र समुदायको उन्नति र प्रगतिमा दत्तचित्त रही सकारात्मक भूमिका खेल्दछ । स्वस्थ र सबल नागरिक समाज प्रजातन्त्रका लागि अति नै महत्त्वपूर्ण तत्त्व हो । जबसम्म नागरिक समाज विकसित हुँदैन, तबसम्म प्रजातन्त्र बलियो हुँदैन । नेपालमा नागरिक समाज कुनै नौलो विषय होइन । यस्ता संघसंस्थाहरू र संगठनहरू प्राचीनकालदेखि नै रहँदै आएका छन् । कतिपय संघसंस्थाहरू त मानव सभ्यताको विकास सँगसँगै विकास भई आएका हुन् र राज्यभन्दा पहिले नै संगठित भइसकेका थिए । नागरिक समाजको कार्य राज्यको व्यवहारलाई सुनियोजित गर्नु र समाजको विकासलाई दिशाबोध गर्नु हो ।

नेपालमा सामाजिक चेतना फैलाउने उद्देश्यले नेपाल नागरिक अधिकार समिति, आर्य समाज, परोपकार संस्था, चर्खा प्रचारक समिति, मलामी गुठी आदि संस्थाहरूले राजनीतिक एवं सामाजिक सुधार गर्न राणाकालमासमेत विभिन्न क्रियाकलाप सञ्चालन गर्न सक्रिय योगदान पुर्‍याएका थिए । नेपालभरि छरिएर रहेका विभिन्न जातजातिबीच सामाजिक एवं धार्मिक सेवा, समाज, गुठी आदिले नेपालमा नागरिक सरकारको सक्रिय भूमिका निभाएका प्रमाणहरू भेटिन्छन् । १०४ वर्षको राणाशासनको अन्त्य गर्नु नागरिक समाजले खेलेको भूमिका अविस्मरणीय छ । २००७ सालको जनआन्दोलन र प्रजातन्त्र स्थापनार्थ, जनतामा चेतना वृद्धि गर्न र गैरसरकारीस्तरमा खेलेका नागरिक संस्थाहरूको देन उदाहरणको रूपमा लिन सकिन्छ । विभिन्न समयमा भएका जनआन्दोलनमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, गैरसरकारी र सामाजिक संघसंस्थाहरूले सर्वसाधारण जनताको चेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । प्रजातन्त्रमा जनता सर्वोच्च हुन्छ । प्रजातन्त्रलाई व्यवहारमा उतार्न राजनीतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा नागरिक समाजको सक्रिय सहभागिता अपरिहार्य छ । नेपालको संविधानले जनता नै सर्वोच्च शक्ति मानेको छ । बालिक मताधिकार, कानुनी राज्य, बहुदलीय शासन व्यवस्था, मानवअधिकार, मौलिक हक, संविधानका अपरिवर्तनीय आधारभूत तत्त्व हुन् ।


नागरिक समाज र सुशासनको परिभाषालाई हेर्दा यी एकअर्काका अभिन्न अंगका रूपमा रहनुपर्ने अनिवार्यता देखिन्छ । किनकि कुनै पनि देशको जनजीवनको आर्थिक एवं सामाजिक स्तर त्यस देशमा भएका विकासका पूर्वाधारहरू, नेतृत्व वर्गको दूरदर्शीता, इमान्दारिता र क्षमताले निर्धारण गर्दछन् । एउटा चेतनशील नागरिक समाज देश र समाजको विकासको पूर्वाधार हुन्छ । राज्यको केन्द्रीय नेतृत्व बाह्य तथा आन्तरिक कारणबाट फेरिन सक्छ । तर स्थानीय नेतृत्व नागरिक समाजको आवश्यकताअनुसार मात्र परिवर्तन हुन्छ । स्वस्थ राजनीतिक परिपाटीमा नेतृत्वको चयन जनताको मूल्यांकन र उनीहरूको आवश्यकता एवं स्वार्थमा निर्भर गर्दछ । ज्यादै व्यक्तिवादी र निजी स्वार्थको आधारमा नेतृत्वको चयन गरियो भने समाजमा वितृष्णा पैदा हुन्छ । परिणामतः समाजमा अन्योल, अस्थिरता र भ्रष्टाचारी मनोवृत्तिको विकास हुन्छ ।

आज तेस्रो विश्वमा कतिपय मुलुकका राजनेताहरू थोरै समयमात्र भए पनि सत्तामा बस्ने लालसा लिएर बसेका देखिन्छन् । जुन कुरा नेपालमा दीर्घरोगकै रूपमा गाँजिएको देखिन्छ । प्रजातन्त्रको प्राप्तिका लागि संघर्षमा लागेका नेताहरूमा सत्ताको होडबाजी तीव्र छ । राजनीतिक मूल्य र मान्यता, पार्टीको सिद्धान्त, आचरण, दिगो राजनीतिक परिपाटीतर्फ उन्मुख गराउने सन्दर्भमा समाजले उनीहरूलाई सकारात्मक मूल्यांकन गर्न सकिरहेको छैन । यसको मुख्य कारणमा पिछडिएको समाज, गरिबी र वेरोजगारी नै पर्दछन् ।

नागरिक समाज विकास प्रयास अभियानको सहयोग पुर्‍याउने महत्त्वपूर्ण निकायको रूपमा क्रियाशील रहन्छ । यसले स्थानीय सरकारलाई सहयोगीको भूमिका खेल्छ । नागरिक समाजले स्थानीय सरकारलाई गाउँघरको वस्तुस्थिति, हित र जनचाहनाबारे जानकारी गराउँछ । स्थानीय तहहरूले सञ्चालन गर्ने जनचेतना निर्माण कार्यमा सहयोग पुर्‍याउँछ । स्वास्थ्य, सरसफाइ, शिक्षाको, विकास, वातावरण संरक्षणजस्ता विषयमा जनचेतना जगाउने कार्य आदि । योजनाको आवश्यकता, पहिचान, तर्जुमा, कार्यान्वयन एवं अनुगमन तथा मूल्यांकनका कार्यमा नागरिक समाजको भूमिका रहन्छ ।

*(लेखक अधिवक्ता तथा भक्तपुर क्याम्पसका अवकासप्राप्त सहप्राध्यापक हुन्)*

# 'जेन-जी'को फरक रूचि



■ कुसुम थापा

'जेन-जी' शब्द आफैंमा एउटा नयाँ हो । सन् १९९५ देखि २०१० भित्रका युवायवतीहरूलाई नयाँ नामको स्वरूप 'जेन-जी' भन्ने गरिन्छ । उनीहरूको लवाइखवाइमा पहिलेका मान्छेहरूको भन्दा निकै फरकपन पाएको हामीले देख्न सक्छौं । यस समूहका मानिसहरू आफैंमा 'युनिक पर्सनालिटी' बोकेका हुन्छन् । कोही दोस्रो मान्छेको भनाइलाई बेवास्ता गरी आफ्नो विचारमा चल्नसक्ने व्यवहार उनीहरूमा रहेको छ । उनीहरूले बोल्ने भाषा, लगाउने लुगा, खाने खानेकुरादेखि लिएर कपालको बनावटसमेतमा फरक पाउन सकिन्छ ।

कयौं विदेशीहरू नेपालमा नेपाली परिकारहरू जस्तैः दालभात, ढिँडो, गुन्द्रुक, मःमः जस्ता अन्य खानाहरूमा रमाउने गर्छन् र नेपाली खानालाई अन्तर्राष्ट्रियरूपमा चिनाउने गर्छन् । तर हालको समयमा नयाँ पुस्ता वा जेन-जीका रूपमा चिनिने युवायवतीहरू बढी मात्रामा अन्तर्राष्ट्रिय खानातर्फ बढी चासो दिइरहेका छन् । जसमाः- सुसी, पास्ता, लाफिङ, रामेन नुडल्स, किमा नुडल्स आदि पर्छन्, जुन हेर्दा एकदमै स्वादिलो र नेपाली खानाभन्दा फरक देखिन्छन् । हेर्दै खाउखाउ लाग्ने हुँदा युवाहरू त्यसमा आकर्षित हुने गर्छन् । बढी मान्छेले रुचाउन थालेपछि पछिल्लो समयमा धेरैभन्दा धेरै यस्ता बाहिरी वा विदेशी खाना पाउने पसलहरू खुलेका छन् ।

किन जेन-जी अन्तर्राष्ट्रिय खानाप्रति बढी आकर्षित भइरहेका छन् भन्ने विषयमा अध्ययन गर्दा विभिन्न कारणहरू पत्ता लगाइयो । जेन-जीमा नयाँ-नयाँ विषयप्रति प्रयोगात्मक अनुभव लिने रुचि देखाउँछन् । सामाजिक सञ्जालमा चलेका प्रचलनलाई पछ्याउने र त्यसलाई नक्कल गर्न र केही जेन-जीले अनुभव गर्ने प्रयासस्वरूप विदेशी खानामा आकर्षण देखिन्छन् । बाहिरी खाना खानुलाई उनीहरूले 'फेसन'को रूपमा लिइरहेको पाइन्छ । अरूको सामु आफूलाई फरक देखाउनका लागि पनि जेन-जी पुस्ताले बाहिरी खानालाई बढी प्रोत्साहन दिइरहेका हुन्छन् । जेन-जी बाहिरी खानामा आकर्षित हुनुको अर्को प्रमुख कारण उनीहरू विदेशी मिडियालाई बढी पछ्याउनु पनि हो । त्यहीबाट प्रभावित भएर जेन-जी पुस्ताले बाहिरी लवाइखवाइ बढी मात्रामा उपयोग गरिरहेका पाइन्छ ।

अहिलेको समय प्रायः मानिसहरूले मूकबाङ वा फुड ब्लगहरूबाट खानाहरू खाएका भिडियोहरू बनाएर राख्ने गर्छन । जुन बढीभन्दा बढी मात्रामा जेन-जी पुस्ताले हेर्ने गर्छन् । त्यसैको कारणले या भिडियो बनाउनका लागि पनि जेन-जीले बाहिरी खानेकुराहरू खाने गर्दछन् । आफूलाई सजिलो बनाउन र तन्नेरी महसुस गर्नका लागि पनि मान्छेहरू बाहिरी खानाप्रति आकर्षित भइरहेका छन् । हुन त समयअनुसार चल्दै जाँदा नयाँ कुराको जानकारी हुनु राम्रो पनि हो । अहिलेको अवस्थामा यस्ता कुराहरू थाहा नहुँदा आफैंलाई अप्ठेरो पर्ने र आफ्नो साथीभाइसरह चल्न सकेन भने एक्लो पर्न सकिन्छ । आफ्ना साथीहरूसँग रमाइलो गर्न र समय बिताउन आफ्ना कुराहरू एकअर्कालाई भन्नका लागि पनि यो एउटा राम्रो अवसर हो । बाहिरी खानाले मान्छेहरूलाई अहिलेको समयमा खुसी पार्न सकेको र चित्त बुझाउन सकेकाले पनि यस्ता खानाहरूले बढी प्राथमिकता पाउन सकेको हामीले देख्न सक्छौं । तर, स्वास्थ्यको हिसाबले भने यस्ता खाना उपयुक्त नहुने स्वास्थ्यकर्मी एवं जनस्वास्थ्यविद्हरू बताउँछन् ।

# दुर्लभ हिउँ चितुवाको अनुगमन गर्न 'क्यामरा टचापिङ'

**मुस्ताङ–** उपल्लो मुस्ताङका तीन स्थानमा 'क्यामरा टचापिङ' का माध्यमबाट हिउँ चितुवाको अनुगमन सुरु भएको छ। मानव र हिउँ चितुवाबीचको द्वन्द्व बढेपछि हिउँ चितुवाको अवस्थिति अनुगमन गर्न क्यामरा टचापिङ थालिएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका कार्यालय प्रमुख उमेश पौडेलका अनुसार उपल्लो मुस्ताङका वारागुङ मुक्तिक्षेत्र-३ समर आसपासका क्षेत्रमा १२ वटा, लोमान्थाङको थुर्लुङफाँट माथिको डाँडा आसपास क्षेत्रमा दुईवटा र लोमान्थाङ बजारमाथिको क्षेत्रमा एउटा क्यामरा अनुगमनका निम्ति जडान गरिएको छ।

तीन स्थानमा हिउँ चितुवाको वर्तमान स्थिति र अवस्था पत्ता लगाउने र कुन-कुन स्थानमा कतिको संख्यामा हिउँ चितुवा छन् भन्ने यकीन गर्न कार्यालयले क्यामरा टचापिङबाट अनुगमन थालेको हो । हिउँ चितुवाले बर्सेनि दुःख दिइरहेको गुनासो आइरहेकाले चितुवाको संरक्षण गर्दै स्थानीयको पशुधनको क्षति हुने क्रमलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गर्नेगरी क्यामरा टचापिङ गरी अनुगमन गरेको हो ।

एक्याप लोमान्थाङले हिउँ चितुवा अनुगमनका लागि गत हप्ता मुस्ताङको एक्याप लोमान्थाङ प्रमुख पौडेलले संरक्षित हिउँ चितुवा र अन्य वन्यजन्तुको संरक्षण गर्ने दायित्व एक्यापको भएकाले यसका लागि मानव र स्थानीयको पशुधनको रक्षाका लागि अध्ययन सुरु गरेको उल्लेख गरे । पारस्थितिक प्रणालीमा महत्त्वपूर्ण योगदान पुऱ्याउने हिमालकी रानी हिउँ चितुवा यहाँको धार्मिक, सांस्कृतिक र जैविक सम्पत्ति भएको र स्थानीयले सदियौंदेखि अपनाउँदै आइरहेको पशुपालन व्यवसायलाई एकैसाथ अघि बढाउन दिगो रूपमा हिउँचितुवा व्यवस्थापनका नयाँ कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने बेला आएको बताए ।

यसअघि एक्यापले घरपझोङ गाउँपालिका र वारागुङ क्षेत्रका यारुझो भ्युटावर, नमुखलेक, वारागुङ मुक्तिक्षेत्रको साङ्ता, तिरी र कागबेनीका साथै उपल्लो मुस्ताङमा ३१ वटा क्यामरा जडान हिउँ चितुवाको अनुगमन एवं सर्वेक्षण गरेको थियो । मुस्ताङमा हिउँ चितुवाका गतिविधि समीक्षा गर्ने तथा जलवायु परिवर्तनका कारण पारिस्थितिकीय प्रणालीमा परेको प्रभाव, यो दुर्लभ जीवको आहारा एवं आनीबानीको विज्ञहरूले विश्लेषण गर्ने जनाएको छ ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा घाँस अभाव हुँदा हिउँ चितुवाको आहारा नाउर वस्ती र पाखोमा झर्न थालेका छन् । हिउँ चितुवा आहार नाउरलाई पछ्याउँदै मानवबस्तीसम्म पुग्ने गरेका विज्ञहरूले बताएका छन् । *रासस*

# बागमती प्रदेशका ७५ सहकारीमाथि अनुसन्धान

**हेटौंडा (प्रस)–** बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रदेशमा ७५ वटा सहकारीहरूमाथि अनुसन्धान भइरहेको जनाएको छ। मन्त्रालयका अनुसार उजुरी परेको सहकारीहरूलाई प्रहरी छानबिनमा पठाइएको हो ।

बागमती प्रदेशका सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठले जिम्मेवारी सम्हालेपछि ११ वटा उजुरी परेको जसमध्ये तीन वटा समस्याग्रस्त घोषणा गरिएको र बाँकीमा पनि प्रहरी छानबिन भइरहेको जानकारी दिए । उनले आफ्नो १०० दिनको उपलब्धिका रूपमा तीन सहकारीलाई समस्याग्रस्त घोषणालाई लिइएको बताए ।

उनले गत पुस २८ गते निर्णय गर्दै नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौ र सुमेरु सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड ललितपुरलाई समस्याग्रस्त घोषणा गरेको जानकारी दिए ।

यसअघि दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं र सिभिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं समस्याग्रस्त घोषणा भई व्यवस्थापनको काम भइरहेको उनको भनाइ छ । उनका अनुसार निरन्तर छलफल गरिरहेको र समस्या देखिएका सहकारीबाट बचतकर्ताको बचत फिर्ता, व्यवस्थापनलगायत विषयमा ठोस कार्ययोजना निर्माण गरी पेस गर्न निर्देशन गरिएको छ।

मन्त्री श्रेष्ठले मन्त्रालयका लागि भवन तथा पूर्वाधार व्यवस्थापन, सहकारी अभिलेख तथा कागजहरूको व्यवस्थापन, डिजिटाइजेसनको कार्य प्रारम्भ गरिएको बताउँदै नियमितरूपमा सहकारी संस्थाको सुपरीवेक्षण तथा नियमनसहित सहकारी बचतपीडितको रकम फिर्ता गराउन पहल गरिएको जानकारी दिए। उनले सहकारी व्यवस्थापन तथा सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन मन्त्रालयले सफ्टवेयर तयार गरिरहेको बताए ।

सहकारीमा देखिएका वित्तीय तथा व्यवस्थापकीय संकट समाधानका लागि मन्त्रालयले सञ्चालक तथा पदाधिकारीसँग छलफल गरिरहेको उनको भनाइ छ ।

## बाढीपहिरोको छ महिना

# स्थानीय तहद्वारा तथ्यांक पठाउन आलटाल

**काभ्रेपलाञ्चोक–** छ महिनासम्म स्थानीय तहले प्रभावितको तथ्यांक नपठाउँदा जिल्लाका बाढी पहिरोपीडितले अझै सरकारी राहत रकम तथा अनुदान पाउन सकेका छैनन् । जिल्लास्थित विपद् व्यवस्थापन समितिले छ महिनादेखि बैठकमार्फत स्थानीय तहलाई पटक-पटक 'गाँस-बास-कपास गुमाएका'लाई राहत दिन प्रभावितको तथ्यांक पठाउन ताकेता गरिरहेको छ ।

राहत तथा अनुदानका लागि स्थानीय तहले लाभग्राहीको विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् 'पोर्टल'मा तथ्यांक अनिवार्य प्रविष्ट गरेपछि मात्रै राहत अनुदान आउने छ । गत असोज १०-१२ मा परेको अविरल वर्षात्ले पुऱ्याएको क्षतिका विवरण संकलन गरी जिल्लास्थित विपद् व्यवस्थापन समितिमा बुझाउन केही स्थानीय तहले आलटाल गरेका छन् । पोर्टलमा विपद्सम्बन्धी विवरण भर्ने गरी स्थानीय सरकारलाई दिएको समयसीमाभित्र पाँचवटा स्थानीय तहले अझै विवरण उपलब्ध गराएका छैनन् ।

काभ्रेपलाञ्चोकको १३ मध्ये पाँच स्थानीय तहले विवरण नबुझाएका हुन् । क्षति भएका घरहरूको विवरण संकलन गरी स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गरी जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा सरकारले पीडितहरूलाई २५ हजार रूपैयाँ राहत दिने छ । विपद्को छ महिनासम्म बनेपा, पनौती, तेमाल, भुम्लु र मण्डनदेउपुरले विवरण संकलन गरी पोर्टलमा दर्ता गरेका छैनन् भने दर्ता भएका विवरणहरू पनि स्थानीय तहमा रहेको विपद् व्यवस्थापन समितिबाट जिल्लास्थित समितिमा बुझाएका छैनन् ।

जिल्ला प्रशासन कार्यालयले पोर्टलमा दर्ता भएका र स्थानीय तहमा रहेका विपद् व्यवस्थापन समितिबाट निर्णय भई आएका नमोबुद्ध नगरपालिकाका ८२४ घर, बेथानचोक गाउँपालिकाका २३९ घर र महाभारत गाउँपालिकाका १७ घर परिवारका लागि २५ हजार रूपैयाँका दरले अस्थायी आवासका लागि राहत उपलब्ध गराउन गृह मन्त्रालयअन्तर्गतको विपद् व्यवस्थापन समितिलाई निकासा माग गरेको छ। निकासा माग गरेको तीन हप्तासम्म पनि मन्त्रालयले अस्थायी आवासका लागि रकम निकासा नगरेको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पहिलो चरणमा दुई करोड ७० लाख रूपैयाँ अस्थायी आवास निर्माणका लागि निकासा माग गरिएको छ।

धुलिखेल नगरले ८६, रोशीले ५४८, चौरीदेउरालीले २८०, खानीखोलाले ५३ र पाँचखालले १२५ घर परिवारका लागि अस्थायी आवास निर्माण गर्न सिफारिस गरेको भए पनि स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय नगरेकाले मन्त्रालयमा रकम माग गर्न नमिलेको जनाइएको छ । 'तीव्र रूपमा वडागतरूपमा प्राप्त विवरण छानविन भइरहेको छ, अब केही दिनमै सक्ने छौं,' पनौतीका प्रमुख रामशरण भण्डारीले भने । प्राधिकरणबाट निकासा भएलगत्तै स्थानीय विपद् व्यवस्थापन समितिमा रकम निकासा भएपछि लाभग्राहीलाई वितरण गरिने जनाइएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले स्थानीय तहलाई पटक-पटक लाभग्राहीको विवरण प्रविष्ट गर्न पत्राचार गरिएको बताए । 'स्थानीय तहले ढिलाइ गर्दा बाढी पहिरोपीडितले अस्थायी आवास निर्माणको रकम पाउन ढिलाइ भइरहेको हो,' उनले भने । समितिको बैठकले सबै विषयगत क्लस्टरहरूलाई पीडितको अपडेट र पूर्वतयारीका कार्यहरू यही फागुन २० गतेभित्र टुंग्याउन निर्देशन दिने निर्णयसमेत गरेको छ ।

समितिद्वारा अस्थायी आवास निर्माणका लागि ५० हजार रूपैयाँ उपलब्ध गराउने मापदण्डअनुसारको विवरणसमेत स्थानीय तहसँग माग गरिएको हो । गत असोजको वर्षाको बाढीपहिरोले काभ्रेपलाञ्चोकमा ७९ को मृत्यु भएको थियो भने छ जना अझै बेपत्ता छन् । कार्यालयको प्रारम्भिक विवरणअनुसार भने जिल्लामा दुई हजार ८४४ घर पूर्ण र छ हजार ४६ घरमा आंशिक क्षति पुगेको छ। तीन हजारदेखि तीन हजार ५०० घर पुनर्निर्माण गर्नुपर्ने देखिएको प्रारम्भिक विवरणमा उल्लेख छ। *रासस*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/१६ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२८७९५४** को **फियर डिङ्कम एजुकेशनल सर्भिसेस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/१२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Global Reliance Overseas Services Pvt. Ltd** श्रम इजाजत नम्बर ८३२/०६६/६७ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN. | Name | Citizenship No. | Post |
|---|---|---|---|
| 1 | Pratima Poudel Bhattari | 5988 | Documentation |
| 2 | Dipak Poudel | 2867 | Managing Director |
| 3 | Phurwa Sherpa | 111010/686 | Receptionist |
| 4 | Bipana Limbu | 010174/03253 | Office Girl/Helper |

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

---

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१३**

यस सा.व.उ.स. बाट संकलित साल गोलिया काठ २४८.७५ क्यू फिट र जिल्ला वन पैदावार आपूर्ति समिति तनहूँबाट समूहमा फिर्ता भएको साल गोलिया काठ ७८.७७ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ। **जुमडाँडा सा. वन उपभोक्ता समूह, वन्दिपुर ६, तनहूँ ।**

---

**गौर राइस आयल एण्ड फ्लोर मिल्स (नेपाल) लिमिटेड**

**दान पत्र पारित गरी जग्गा दिने निर्णय बदर गर्ने सूचना**

उपरोक्त सम्बन्धमा मिति २०८१/१२/०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०८०/११/१३ र २०८१/०५/१० का दिन यस गौर राइस आयल एण्ड फ्लोर मिल्स (नेपाल) लिमिटेड कम्पनीका सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट गा.वि.स.गौर वडा नं.७ कित्ता नं.१६३ क्षेत्रफल (४-१०-०) चार विगाहा दश कट्ठा जग्गा मध्येबाट गौर नगरपालिकाको नाउँमा खेलकूद मैदानको लागि क्षेत्रफल (२-१५-०) दुई विगाहा पन्ध्र कठ्ठा जग्गा दान पत्र पारित गरी दिने भनी निर्णय भएकोमा यस कम्पनीलाई गौर नगरपालिकाले विभिन्न कारण समस्याहरू देखाई दुःख दिने, अल्झाउने र कम्पनीको जग्गा विक्री गर्न रोकाउने समेत जस्ता काम कार्यहरूमा बाधा अर्चना पुऱ्याएको हुनले उक्त मितिमा गरिएको सम्पूर्ण निर्णयहरू बदर गरिएको भनी यो सूचना प्रकाशित गरिएको छ ।

**सञ्चालक समितिको आज्ञाले**
**प्रतुल लाल श्रेष्ठ**

---

**सूचना ! सूचना !! सूचना !!!**

नेचुरल मिडिया प्रा.लि.द्वारा सञ्चालित www.bicharpana.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ चैत्र २९ गते (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-२९, अनामनगर, सञ्चालकको मोवाइल नम्बर ९८५११८२३१३ वा naturalmedianepal@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ।

**नेचुरल मिडिया प्रा.लि.**
**काठमाडौं महानगरपालिका-२९, अनामनगर**
**फोन : ०१-५९२४२२९**

---

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sagarmatha International Employment (P) Ltd.(K.B. International Employment (P) Ltd.)** श्रम इजाजत नम्बर ८१४/०६५/६६ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN. | Name | Citizenship No. | Post |
|---|---|---|---|
| 1 | Sanjina Sherpa | 26291/110003 | Board of Director |
| 2 | Kumar Sherpa | 6768/176 | Marketing Manager |
| 3 | Sachin Magar | 263037/300 | Labor Department Representative |

**Sagarmatha International Employment Pvt. Ltd**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

---


**बहराइनमा रोजगार** कम्पनी : ASKAR GARDEN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 313968 | चलानी नं.६०२२८३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 3 | 130 | ४७,२७० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter / Waitress | 3 | 3 | 130 | ४७,२७० | | | | | | | |

कम्पनी : AL NAMAL CONTRACTING & TRADING CO.W.L.L

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321003 | चलानी नं.६०२३५१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 120 | ४३,६३० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Labouers | 20 | 0 | 100 | ३६,३६० | | | | | | | |
| 3 | Mason Brick/plaster | 20 | 0 | 120 | ४३,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



**UAE मा रोजगार** कम्पनी : BILLAS CLEANING AND BUILDING MAINTENANCE LLC OPC

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२९ | LT. No. 296219 | चलानी नं. ६०२१९२२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 10 | 0 | 1200 | ४४,७८२ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Female | 0 | 5 | 1250 | ४६,६४७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No. 9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com
श्रम ईजाजत नं. १०७२/०७३/७४


---

**अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१।१२।१३ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिएको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु पर्ने सावाँ, ब्याज लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गरेको, संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रूपमा तर-ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाइ बेवास्ता गरी बसेको र तिर्नुपर्ने सम्पूर्ण सावाँ, ब्याज तथा अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा लेखिएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थ लेखि दिएको कुनै किसिमको कानुनी भै झमेला नभएको यस संस्थामा धितो सुरक्षण वापत रहेको अचल सम्पत्ति संस्था ऐन-२०७४, बागमती प्रदेशको प्रदेश संस्था ऐन-२०७६ र ऐ. नियमावली-२०७६ बमोजिम संस्था आफैले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाँक बढाबढ गरि लिन इच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा र सो दिन बिदा परेमा सो को भोलिपल्ट तोकिएको समय अनुसार यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गरी लिन चाहेको मुल्यमा बोल कबोल गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|---|
| १ | ऋणी: चन्दा कार्की<br>बाबुको नाम: श्याम बहादुर कार्की<br>ससुराको नाम: धननाथ गौतम<br>पतिको नाम: सुरेश गौतम<br>ठेगाना: सुर्यबिनायक न.पा. वडा नं.-४, भक्तपुर<br>नागरिकता नं. २९/३०००३/६०६,<br>जारी मिति: २०७०/०१/३१ जि.प्र.का. भक्तपुर | ऋणी चन्दा कार्कीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला बडिखेल वडा नं ७ सिट नं. ७ कि.नं. ८९७, ९०२ र ९०० को क्रमशः क्षेत्रफल १५.९० व.मि., ७९.४८ व.मि. र १९.८८ व.मि. गरी जम्मा ११५.२६ व.मि. जग्गा लिगलगापात समेत पुरा । |
| २ | ऋणी: टंक बहादुर खत्री<br>बाबुको नाम: लोक बहादुर खत्री<br>बाजेको नाम: रंग बहादुर खत्री<br>ठेगाना: दुधौली न.पा.-९ सिन्धुली स्थायी भई हाल का.म.न.पा. वडा नं.-९ बत्तिसपुतली काठमाडौं<br>नागरिकता नं. ११४७६<br>जारी मिति: २०५५/१०/२८ जि.प्र.का. सिन्धुली | ऋणी टंक बहादुर खत्रीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता रहेको सिन्धुली जिल्ला महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४क कि.नं. ७६९ को क्षेत्रफल ३३८.६४ व.मि. जग्गा लिगलगापात समेत पूरा । |
| ३ | ऋणी: सुनिता ताम्राकार<br>बाबुको नाम: चमेली लाल प्रधान<br>ससुराको नाम: नर बहादुर ताम्राकार<br>पतिको नाम: नारायण ताम्राकार<br>ठेगाना: ललितपुर म.न.पा.-१०, ललितपुर<br>नागरिकता नं. २६६०१९००/२६०२<br>जारी मिति: २०३८।१२।११ जि.प्र.का. सुनसरी | **जमानीकर्ताको विवरण** (सि.नं. १)<br>जमानी: अजेश ताम्राकार<br>बाबुको नाम: अच्युतम ताम्राकार<br>बाजेको नाम: केशव नारायण ताम्राकार<br>ठेगाना: सुर्यबिनायक न.पा.-२, भक्तपुर<br>नागरिकता नं. ३०५०३<br>जारी मिति: २०६३।०३।०२ जि.प्र.का. भक्तपुर |

**लिलाम हुने सम्पत्तिको धितो सुरक्षण विवरण:**
ऋणी सुनिता ताम्राकारको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला ललितपुर न.पा. वडा नं १ सिट नं. १च कि.नं. ५९९ को क्षेत्रफल ९९.३५ व.मि. जग्गा र सो जग्गामा बनेको घर लिगलगापात समेत पुरा ।

१. बोलपत्र फाराम रु१,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस संस्थाको मुख्य कार्यालय का.म.न.पा.-३१ नयाँ बानेश्वर, काठमाडौंबाट कार्यालय मय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र अर्थात मिति २०८२/०१/१६ गते कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालयमा बुझाई सक्नु पर्नेछ ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरिद गरी लिन चाहेको हो, सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थामा जम्मा गरेको सक्कल रसिद, भौचर वा सो रकम बराबरको यस संस्थाको नाममा खिचिएको गुड फर पेमेन्ट चेक/मेनेजर चेक समेत शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
४. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१७ गते दिउँसो १२:३० बजे देखि ३:०० बजे भित्र संस्थाको मुख्य कार्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधि र सरकारी निकायका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
५. तोकिएको लिलामको दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
६. लिलाम सकार गर्ने ब्यक्तिले संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।
७. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
९. सहकारी ऐन, नियमावली तथा यस संस्थाको ऋण नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
१०. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयमले नै व्यहोर्नु पर्नेछ ।
११. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा धनजमानीको नाँउमा रहेको चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.
**नयाँ बानेश्वर, काठमाडौं**
**फोन नं: ०१-४७९०९८५, ४७९६३२७**
Email:info@jyotipunja.coop.np,
URL: www.jyotipunja.coop.np

---

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**

**धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना**

**प्रकाशित मिति: २०८१/१२/१३**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको रंगेली, मोरङ शाखा कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८१/०६/०७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति २०८१/११/२५ मा सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, रंगेली, मोरङमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स फाष्ट ट्र्याक आवधिक कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| **नाम** | **: अरुल्या देवी सहनी** | **नाम** | **: सरस्वती कुमारी मुखिया** |
| बाबु | : राम चन्द्र मुखिया | बाबु | : विष्णु देव मुखिया |
| पति | : विष्णु देव मुखिया | पति | : शम्भू सहनी |
| ससुरा | : गौकर्ण सहनी | ससुरा | : गोपाल सहनी |
| ठेगाना | : रंगेली गा.बि.स -०५,मोरङ्ग | ठेगाना | : रंगेली गा.बि.स-०५,मोरङ्ग |
| हाल | : रंगेली न.पा. -०६,मोरङ्ग | हाल | : रंगेली न.पा. -०६,मोरङ्ग |
| ना.प्र.नं. | : ०५३०५०/१२५९ | ना.प्र.नं. | : ०५३०५०/१३२० |
| जारी मिति | : २०६३/१२/२७ | जारी मिति | : २०६३/१२/२९ |
| जि.प्र.का. | : मोरङ्ग | जि.प्र.का. | : मोरङ्ग |

**धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नाम:- अरुल्या देवी सहनी**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | रंगेली | ०६/१७८०७२१ | ४७० | २५५.०० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय रंगेली, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८१/१२/२०, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली, मोरङ्ग।**

**Citizens Bank**
**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

प्रभाव दैनिक

रूपशाला

## बबिनाको 'मदहोस' सार्वजनिक

बबिना भट्टराईको स्वर तथा संगीतमा गजल गीत 'मदहोस' सार्वजनिक भएको छ । गजलमा गोबिन्द अर्याल 'श्रृखला'को शब्द तथा मनोहर सुनामको संगीत संयोजन रहेको छ । गीतको भिडियोमा गायिका बबिना आफै देखिएकी छन् । भिडियोमा उनलाई बाद्यवादन समुहसँग स्टेजमा रहेर गजल गाइरहेको देखाइएको छ । म्युजिक नेपालको स्टुडियोमा नकुल कार्कीले रेकर्ड गरेको गजलको मिक्सिङ र मास्टरिङ प्रकाश खरेलले गरेका हुन् । ए.जे.अजुको छायांकन र निर्देशन रहेको गजलको भिडियोमा अनिल बिष्टको सम्पादन छ ।



बुधबार, १३ चैत २०८१ (Wednesday, March 26, 2025)

# मेलबर्नमा नेपथ्यलाई भव्य स्वागत



■ प्रभाव संवाददाता

**अस्ट्रेलिया–** अटेसमटेस दर्शक र मञ्चका कलाकारबीच सामञ्जस्य मिलेपछि कन्सर्टको रौनक अर्कै हुन्छ । त्यस्तो बेला दर्शकले दिने हरेक प्रतिक्रिया भव्य देखिन्छ । यसको उदाहरण देखियो सोमबार साँझ मेलबर्नको फेस्टिभल हलमा ।

कन्सर्ट सकिनै लाग्दा नेपथ्य ब्यान्डको परिचय गराउँदै गायक अमृतले 'आजको ड्रमसेटमा ध्रुव' भन्दै बारम्बार दोहोऱ्याए । उत्ति नै पटक दर्शकले पनि 'ध्रुव' भनेर चिच्याए । उनले थप्दै लगे- 'मादलमा शान्ति', 'किबोर्डमा दिनेश', 'बेस गितारमा सुविन', 'गितारमा नीरज' । यसरी नाम लिइँदा दर्शकदीर्घाले उत्तेजित भएर प्रशंसा गरिरहेको थियो । अन्तिममा सानो स्वरमा 'र, म अमृत' भनेका मात्र के थिए, अघिसम्म चिच्याइरहेका दर्शक उफ्रिन सुरु गरे । भुइँ थर्किन थाल्यो ।

काठ ठोकिएको जमिन केही बेरै हल्लिरहँदा छेउमै उभिएका पाकिस्तानी मूलका सुरक्षाकर्मी हास्मे अहमदको अनुहारमा चिन्ता छाएको देखिन्थ्यो ।

घरी अर्काको काँधमाथि चढेर नाच्न खोज्नेलाई उतार्ने त घरी हलभित्र भेपको धुवाँ उडाउनेलाई रोक्ने काममा खटिँदा लखतरान देखिएका दुई ज्यान अग्ला हास्मे भुइँसमेत हल्लिन थाल्दा आत्तिएका थिए ।

मेलबर्नमा नेपथ्यले यसअघि दुई हजार दर्शक क्षमताको हल 'फोरम' प्रयोग गरेको थियो । यसपाला भने त्योभन्दा बढी क्षमताको भव्य एवं ऐतिहासिक 'फेस्टिभल हल' चयन गरिएको थियो । कन्सर्ट सुरु हुनुभन्दा झन्डै आधा घण्टाअगावै हल भरिभराउ भइसकेको थियो । घडीको सुईले बेलुकीको ठीक साढे ८ देखाउनासाथ पर्दामा 'सा कर्णाली' गीतको म्युजिक भिडियो बज्न सुरु भयो ।

विश्वमै तहल्का मच्चाइरहेको बेला 'बिटल्स' जस्तो ब्यान्डको कन्सर्ट अनि सन् १९५६ को ओलम्पिकमा कुस्ती प्रतियोगिता भएको यस हलमा दर्शकको भीडले सोमबार साँझ नृत्य गर्दा सुरुवातैदेखि भुइँ नराम्ररी थर्किन थालेको थियो ।

म्युजिक भिडियो लगत्तै मञ्चमा उपस्थित मुख्य गायक अमृतले 'कोशीको पानी, यो जिन्दगानी' बाट प्रस्तुति थालनी गरे । तेस्रो प्रस्तुति 'छेक्यो छेक्यो' पछि उनले दर्शकसँग संवाद सुरु गरे । त्यस क्रममा उनले नेपाली जता गए पनि मिलेर बस्नुपर्ने, देश र आफन्तलाई भेट्ने क्रम टुटाउन नहुने अनि भावी पुस्तामा पनि भाषाको विस्तार गर्नुपर्नेजस्ता सन्देश प्रवाह गरे ।

'यो जिन्दगानी' गीत सुनाएपछि आफूले जस्तो पढ्ने अवसर नपाएका नेपाली केटाकेटीलाई सक्दो सहयोग गरिदिन आह्वान पनि गरे । कार्यक्रमले दर्शकको उत्तेजना बढाउने मात्र होइन, संवेदनालाई बलियो बनाउने उद्देश्यलाई पनि पछ्याइरह्यो ।

कन्सर्टको अन्त्यतिर 'मै नाचैँ छमछमी', 'रेशम' र 'तालको पानी' सम्म पुग्दा तिरिमिरी बत्तीका बीच सिंगै हल नाचिरहेको जस्तो देखिन्थ्यो । नाच्नेहरूको त्यही भीडमा भेटिइन् केट ह्यान्सन । नेपाली युवकसँगै बिहे गरेकी उनले यसअघि पनि मेलबर्नमा 'कन्दरा' र 'कबवेब' ब्यान्डको कन्सर्ट हेरेको सुनाइन् ।

केटले दुई वर्षअघि मेलबर्नमै आयोजित नेपथ्यको कन्सर्ट पनि हेरेकी रहिछन् । 'आफ्नो संस्कृतिसँग जोडिएको संगीत असाध्यै स्वादिलो हुन्छ,' उनले भनिन्, 'मेरो विचारमा आफ्नो मौलिक पहिचान अघि बढाउन सामूहिक प्रयास प्रभावकारी हुन्छ ।' नेपथ्यलाई मेलबर्नमा भव्य रूपले प्रस्तुत गर्न पाउँदा खुसी लागेको आयोजक आशिफ कार्कीले उल्लेख गरे । मेलबर्नपछि अब ब्यान्ड, व्यवस्थापक लगायतको १४ सदस्यीय टोली अन्तिम शो गर्न सिड्नीतर्फ लाग्नेछ ।

# 'अञ्जिला' १६ देशमा रिलिज हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान अञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित नेपाली चलचित्र 'अञ्जिला' विभिन्न १६ देशहरूमा एकसाथ रिलिज हुने भएको छ । यो चलचित्र अमेरिका, क्रोएसिया, कतार, बहराइन, माल्टा, डेनमार्क, पोर्चुगल, हङकङ, दक्षिण कोरिया, फिनल्यान्ड, क्यानडा, दुबई, सिंगापुर, जापान, बेल्जियम र स्विडेनमा एकसाथ रिलिज हुनेछ । अस्ट्रेलियामा रिलिजको टुङ्गो लगभग अन्तिम चरणमा रहेको निर्माता प्रेमकुमार श्रेष्ठले बताए । साथै, बेलायतमा यस चलचित्रको उच्च माग रहेको र क्रमशः सबै सहरमा रिलिज गरिने उनले बताए ।

यस वर्षको फागु पूर्णिमाको दिन फागुन २९ गते नेपालमा प्रदर्शन भएको यस चलचित्रले नेपालमा सुपरहिट भएपश्चात् नेपालीहरूको बाहुल्य रहेका विभिन्न मुलुकहरूमा रिलिज हुन लागेको हो । 'अञ्जिला'ले समीक्षक तथा दर्शकबाट सकारात्मक प्रतिक्रिया पाउनुका साथै उल्लेखनीय व्यापार गरेपछि विदेशबाट माग भएको थियो । विदेश रिलिज मार्च २९ बाट हुने जनाइएको छ ।

अमेरिकामा सेभेन सिज इन्टरनेशनलका प्याट्रिक सुवेदीले रिलिज गर्नेछन् भने क्यानडामा आगन इभेन्ट्स तथा आइ र यु इन्टरटेनमेन्टले रिलिज गर्दैछन् । त्यस्तै, जापानमा युएनए इन्टरटेनमेन्ट, फिनल्यान्डमा मामा इभेन्ट, मध्यपूर्वका देशहरूमा साथीभाइ इन्टरटेनमेन्ट, माल्टामा मगवर्ट प्रोडक्सनले रिलिज गर्दैछन् ।

'अञ्जिला'का निर्देशक मिलन चाम्सले दिनानुदिन शो सफ्यासँगै दर्शक पनि बढिरहेको बताए । 'यो माया र विश्वासले ऊर्जा थपेको छ । फिल्म हेर्ने ८३ वर्षसम्मको आमा देखेको छु । उहाँहरू फिल्म हेरेर निस्किदा खुसी भएको देख्दा सन्तुष्टि मिलेको छ, दर्शक हलसम्म ल्याएर खुसी बनाएर फिर्ता पठाउन पाउँदाको क्षणलाई शब्दमा व्यक्त गर्न सक्दिन,' उनले भने ।

'अञ्जिला'लाई लिएर दर्शक तथा समीक्षकहरूले चलचित्रको कथा, प्रस्तुति, अभिनय, र निर्देशनलाई निकै सराहना गरिरहेका छन् । चलचित्र 'अञ्जिला'ले कठिन पारिवारिक परिवेशबाट व्यावसायिक फुटबल खेलाडी बन्ने सपना बोकेर राजधानी छिरेकी एन्जिला तुम्बापो सुब्बाको प्रेरणादायी जीवनयात्रालाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । यसमा एन्जिलाले राजधानी आउनुअघि र आएपछिको कठोर सङ्घर्षलाई मार्मिक ढङ्गले चित्रण गरिएको छ ।

मिलन चाम्सको निर्देशमा बनेको यो चलचित्रलाई प्रेमकुमार श्रेष्ठले निर्माण गरेका छन् । यस चलचित्रमा कलाकार समेत रहेका श्रेष्ठ एन्जिलाका 'गड फादर' हुन् । शीर्ष भूमिकामा एन्जिला आफैले अभिनय गरेकी छिन् । चलचित्रमा माओत्से गुरुङ र दयाहाङ राईले एन्जिलाका बुबाको भूमिका निर्वाह गरेका छन् भने सिर्जना सुब्बाले आमाको भूमिका निभाएकी छन् । सुमिन गुरुङले दाजुको भूमिका, सुनिल थापाले कोचको भूमिका निभाएका छन् । साथै, यसमा बुद्धि तामाङ, विजय बराल, मञ्जु श्रेष्ठ लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ ।



प्रधानमन्त्री कप क्रिकेट

# पुलिस क्लब फाइनलमा



**घोराही (दाङ) (प्रस)–** लिग चरणको एक खेल बाँकी छुँदै नेपाल पुलिस क्लब प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । मंगलबार भएको खेलमा पुलिसले कर्णाली प्रदेशलाई ४४ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।

लमहीको देउखुरी क्रिकेट रङ्गशालामा पुलिसले दिएको १४७ रनको लक्ष्य पछ्याउने क्रममा कर्णाली प्रदेशको पारी २४ ओभरमा सबै विकेट गुमाउदै १०३ रनमै समेटियो । कर्णालीका लागि रविन्द्र शाहीले ४९ र अर्जुन घर्तीले ३० रन बनाए । बलिङतर्फ खेलको म्यान अफ दी म्याच घोषित ललितनारायण राजवंशीले ९ ओभरमा ४१ रन खर्चिँदै ६ विकेट लिए । यस्तै सागर ढकालले २ र करण केसीले १ विकेट लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको पुलिसले ४८ ओभरमा सबै विकेट गुमाउँदै १४७ रन बनायो । पुलिसका लागि अर्जुन साउदले ३६, दिलिप नाथले ३४ र सागर ढकालले अविजित २२ रन बनाए । बलिङतर्फ कर्णाली प्रदेशका अनुज चुनाराले ४, दिवान पुनले ३ तथा दिनेश अधिकारी, दिपेन्द्र रावत र सुनिल धमलाले एक एक विकेट लिए ।

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा ८ खेल खेलेको पुलिस क्लब अविजित रहँदै १६ अङ्क बटुलेर शीर्ष स्थानमा छ ।

एएफसी एसियन कप

# मलेसियासँग नेपाल २–० ले पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एएफसी एसियन कप २०२७ तेस्रो चरणको छनोटमा फिफा बरियताको १३२ औं स्थानमा रहेको मलेसियासँग २-० ले पराजित भएको छ ।

मलेशियाको सुल्तान इब्राहिम स्टेडियममा सम्पन्न खेलमा नेपालले पहिलो हाफको २९औं मिनेटमा पहिलो गोल खाएको थियो । मलेशियालाई पोर्चुगाली क्लब पोर्टिमोनेन्सका खेलाडी हेक्टर हेभलले मलेसियाली जर्सीमा डेब्यु खेलमै गोल गर्दै टिमलाई १-० को अग्रता दिलाएका थिए ।

त्यसपछि खेलको पहिलो हाफमा कुनै टिमबाट पनि अन्य गोल नभएपछि नेपाल पहिलो हाफमा १-० ले पछाडि परेको थियो ।

त्यसपछि खेलको ७१ औं मिनेटमा भएको दोस्रो गोलका साथ मलेशियाले २-० को अग्रता बनाएको थियो । त्यसपछि निर्धारित ९० मिनेटको खेलमा कुनै टिमबाट पनि गोल हुन नसकेपछि नेपाल २-० ले पराजित भएको हो ।

नेपालका लागि सुरुआती ११ मा नियमित खेल्दै आएका फरवार्ड अञ्जन विष्टलाई आराम दिएका थिए । विष्टको स्थानमा मिडफिल्डर लाकेन लिम्बूलाई सुरुआती ११ मा समेटिएका थिए ।

नेपाल हाल फिफा वरीयतामा १७५औं स्थानमा छ भने मलेसिया १३२औं स्थानमा छ । विगत सात भेटमा नेपालले मलेसियालाई पराजित गर्न सकेको छैन । मलेसियाले ६ खेल जित्दा एक खेल बराबरीमा सकिएको छ ।

नेपाल र मलेसियाबीचको अन्तिम भेट २०१९ मा मैत्रीपूर्ण खेलमा भएको थियो, जहाँ नेपाल २-० ले पराजित भएको थियो ।



२३औं तिलोत्तमा गोल्डकप

# चर्च ब्वाइज र मच्छिन्द्रको भेट सेमिफाइनलमै

■ प्रभाव संवाददाता

**बुटवल–** चर्च ब्वाइज युनाइटेड र मच्छिन्द्र फुटबल क्लब २३औं तिलोत्तमा गोल्डकपको सेमिफाइनलमै भिड्ने भएका छन् ।

देविनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा मंगलबार सम्पन्न अन्तिम क्वार्टरफाइनलमा मच्छिन्द्रले एडोर्न गडवाल स्पोर्टिङ क्लब, देहरादुनमाथि १-० कठिन जित निकाल्को हो । योसँगै चर्च ब्वाइज र मच्छिन्द्रको भेट पक्का भएको हो ।

यी दुई टोली दोस्रो सेमिफाइनलमा भिड्नेछन् । यी दुईबीचको खेल भने बिहीबार हुने तय छ ।

दोस्रो क्वार्टरफाइनलमा चर्च ब्वाइजले टाइब्रेकरमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ४-३ ले पराजित गर्दै अन्तिम चारको यात्रा तय गरेको थियो ।

बराबरीतर्फ उन्मुख खेलमा राजीव लोप्चनले गोल गर्दै मच्छिन्द्रलाई अन्तिम चारमा पुऱ्याएका हुन् । उनले निर्धारित ९० मिनेटको खेल सकिन अन्तिम दुई मिनेट बाँकी रहँदा गोल गरेका हुन् ।

फ्रिककमार्फत आएको बललाई विवेक राईले पेनाल्टी बक्सबाहिरबाट भलिको प्रयास गरेका थिए । तर, उचाइ लिँदै सिक्सयार्ड बक्सनजिक बल खस्न पुग्दा अनमार्क रहेका राजीवलाई गोलको अवसर जुरेको हो । जसलाई उनले बिनागल्ती लेफ्ट फुटेट सटमार्फत पहिलो बारतर्फ गोल गरे ।

यो गोलसँगै खेल टाइब्रेकरमा पुग्न पाएन । खेलको म्यान अफ द म्याच पनि राजीव नै घोषित भए । उनले ११ हजार १११ रूपैयाँ प्राप्त गरे । योसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । पहिलो सेमिफाइनलमा विभागीय टोली एपिएफ र संकटा क्लब भिड्ने भएका छन् । यी दुईबीचको खेल बुधबार अपरान्ह ४ बजे हुनेछ ।

एपिएफले आयोजक रूपन्देही-११ लाई १-० र संकटाले जर्जियन फुटबल क्लब कालिम्पोङ भारतलाई ४-० ले पाखा लगाउँदै अन्तिम चारमा स्थान बनाएका हुन् ।

# भेनेजुएलामा अमेरिकी हस्तक्षेपको चीनद्वारा निन्दा

**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलाबाट तेल र ग्यास खरिद गर्ने देशहरूमा आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गरेपछि चीनले मंगलबार संयुक्त राज्य अमेरिकामाथि 'भेनेजुएलाको आन्तरिक मामिलामा हस्तक्षेप' गरेको आरोप लगाएको छ।

सोमबार ट्रम्पले अप्रिल २ देखि लागू हुने नयाँ भन्सार शुल्क भेनेजुएलाको तेल किन्ने मुलुकहरूबाट संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने सबै वस्तुहरूमा लागू हुने बताएका थिए। चीन भेनेजुएलाको तेलको सबैभन्दा ठूलो आयातकर्ता हो भने अन्य क्रेताहरूमा भारत, स्पेन र संयुक्त राज्य अमेरिका स्वयं पनि पर्दछ।

'हामी अमेरिकालाई भेनेजुएलाको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्न र भेनेजुएलामाथि लगाइएको अवैध एकपक्षीय प्रतिबन्धहरू समाप्त गर्न आह्वान गर्दछौं,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित पत्रकार सम्मेलनमा भने। उनले संयुक्त राज्य अमेरिकालाई 'भेनेजुएला र अन्य देशको शान्ति, स्थिरता र विकासका लागि अनुकूल हुने थप कामहरू गर्न' आग्रह गरे।

जनवरीमा नयाँ चरणसहित भेनेजुएला वर्षौंदेखि अमेरिकी प्रतिबन्धको अधीनमा छ। जनवरीमा नयाँचरणअन्तर्गतअमेरिकालेराष्ट्रपति निकोलस मादुरो र अन्य सरकारी अधिकारीहरूको गिरफ्तारीका लागि सूचनाका लागि प्रस्ताव गरिएको पुरस्कार बढाएको छ। सोमबार योजनाबद्ध भन्सार शुल्कहरू घोषणा गर्दै ट्रम्पले भेनेजुएलालाई 'जानाजान र छलपूर्वक' संयुक्त राज्य अमेरिकामा 'गुप्त रूपमा, दसौं हजार उच्चस्तरका र अन्य अपराधीहरू' पठाएको आरोप लगाए।

ट्रम्पले पहिले नै चीनमाथि संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने वस्तुहरूमा सार्वभौमिकरूपमा २० प्रतिशत भन्सार शुल्क लगाएका छन्। यसलाई उनले फेन्टानिल प्रवाहलाई रोक्ने प्रयासससँग जोडेका छन्। बेइजिङले 'संवाद' का लागि आह्वान गरेको छ तर सोयाबिन, सुँगुरको मासु र कुखुरासम्मका अमेरिकी कृषि वस्तुहरूमा १५ प्रतिशतसम्म भन्सार शुल्क पनि लगाएको छ।

विश्वको शीर्ष स्टिल उत्पादक चीनले पनि स्टिल र एल्युमिनियममा छुट्टै अमेरिकी कर लगाउने प्रतिक्रियामा 'सबै आवश्यक उपायहरू' लिने प्रतिज्ञा गरेको छ। मंगलबार गुओले भने, 'व्यापार युद्धमा कुनै विजेता हुने छैन र अतिरिक्त शुल्क करहरू लागू गर्दा अमेरिकी व्यवसाय र उपभोक्ताहरूले मात्र बढी नोक्सान भोग्नुपर्ने छ।' *रासस/एएफपी*

# लामो समयसम्म कैद सजाय भोगेका कैदीलाई १४ लाख डलर पुरस्कार

**टोकियो–** हत्याको गलत आरोपमा दोषी ठहरिएका र विश्वमा सबैभन्दा लामो समयसम्म मृत्युदण्डको सजाय भोगेका एक जापानी पुरुषलाई १४ लाख डलर क्षतिपूर्ति प्रदान गरिएको छ।

यो भुक्तानीले इवाओ हाकामादाले चार दशकभन्दा बढी समयसम्म थुनामा बिताएका दिनहरूका लागि प्रतिदिन १२ हजार ५०० येन (८३ डलर) का दरले क्षतिपूर्ति प्रदान गरेको छ। यसको अधिकांश समय मृत्युदण्डमा रहँदा हरेक दिन उनको अन्तिम दिन हुनसक्ने डर थियो।

हाल ८९ वर्षका पूर्वबक्सरले सन् १९६६ को चार व्यक्तिको हत्या मुद्दामा गत वर्ष उनकी बहिनी र अन्य व्यक्तिहरूको निरन्तर अभियानपछि सफाइ पाएका थिए। सिजुओका जिल्ला अदालतको सोमबारको एक निर्णयमा 'दाबीकर्तालाई २१ करोड ७३ लाख ६२ हजार ५०० येन प्रदान गरिने' अदालतका प्रवक्ताले बताए।

सोही अदालतले सेप्टेम्बरमा हाकामादा पुनः सुनुवाइमा निर्दोष रहेको र प्रहरीले प्रमाणमा छेडछाड गरेको फैसला गरेको थियो। हाकामादाले 'बयान (स्वीकारोक्ति) का लागि जबरजस्ती गर्ने अमानवीय अनुसन्धान' भोगेका थिए। यसलाई उनले पछि फिर्ता लिएको अदालतले बताएको छ।

स्थानीय मिडियाका अनुसार यो अन्तिम रकम यस्ता प्रकारका क्षतिपूर्तिका लागि एक रेकर्ड हो। तर हाकामादाको कानुनी टोलीले पैसाले उनले भोगेको पीडालाई पूरै सम्बोधन गर्न नसक्ने बताएको छ। दशकौंको नजरबन्दले–मृत्युदण्डको खतरा निरन्तर बढ्दै जाँदा–हाकामादाको मानसिक स्वास्थ्यमा ठूलो असर पारेको छ। *रासस/एएफपी*

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८१/१२/१३)**

यस नगपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्यांकित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सूचना नं | आयोजनाको नाम | स्वीकृत फर्म | कबोल अंक (मू.अ.कर.सहित) |
|---|---|---|---|
| URL-Pavingblock-Ward3&4-W-NCB-26-081/82 | Construction of Paving Block at Triveni Marg ward 3, Shivashankar marg, Manakamana marg, Pariwartan Marg & Samikshya Marg Ward 4 | The Visioners Engineering Pvt.Ltd. Biratnagar, Morang | 50,79,494.41/- |

## INVITATION FOR BIDS

# Lamkichuha Municipality
## Office of the Municipal Executive
**Bhalka-02, Kailali**

## Invitation for Electronic Bids for Procurement of Medicines
## Contract Identification No: 13/LCM/G/2081/082

**First Date of Publication: 2081/12/13**

1. The Government of Nepal (GON) has allocated funds to Lamkichuha Municipality for Procurement of Medicines and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for Procurement of Medicines. Bid is open to all eligible Nepalese Bidders.
2. The Lamkichuha Municipality invites electronic bids from registered bidders for Procurement of Medicines under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Lamkichuha Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Rastriya Banijya Bank, Lamkichuha Municipality
   Name of the Office: Lamkichuha Municipality Bhalka Office Code No.: ………………………………
   Office Account No. Antarik Rajaswa khata no.: 4450100301010002
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp,on or before 12:00 noon on 2082/01/12 Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Lamkichuha Municipality on 2082/01/12 14:00 hours at the office of Lamkichuha Municipality, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to 2 to 3 % of the quoted Bid amount (exclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account Dharauti account No.: 4450100303000002Lamkichuha Municipality at Rastriya Banijya Bank., Lamki Branch, Kailali and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| Description of Work | Bid Security Amount (NRS.) | Bid Document Fee |
|---|---|---|
| Procurement of Medicines | 89500.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


## साउदीमा रोजगार
कम्पनी : Bolan Steel Company

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321046 | चलानी नं. ६०२३५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 12 | 0 | 1000 | ३६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० देखि २४ गते (2-6 April 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 771/065/066
**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547, E-mail : asmitainternational2013@gmail.com

## ओमनमा रोजगार
कम्पनी : A AND H LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | LT. No. 320721 | चलानी नं. ६०२३५०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Merchandise Pricing | 4 | 0 | 130 | ४६,३५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 290/059/60
**NEPAL PLACEMENT AGENCY PVT. LTD.**
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal
Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com

## कुवेतमा रोजगार
कम्पनी : CONSTRUCTION DYNAMICS GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | LT. No. 320991 | चलानी नं. ६०२३५०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 150 | ६६,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gypsum Decorator | 8 | 0 | 150 | ६६,७६८ | | | | | | | |
| 3 | JCB Operator | 3 | 0 | 200 | ८९,०२५ | | | | | | | |
| 4 | Tile Mason | 6 | 0 | 150 | ६६,७६८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार
कम्पनी : Laundries Norh Sliman Ben Mohamed Al Tuwayrish for Cars Services

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | LT. No. 320958 | चलानी नं. ६०२३५१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1000 | ३६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

## कतारमा रोजगार
कम्पनी : Panda Laundry / Blanket Laundry

पूर्व स्वीकृति मिति : २०८१/१२/१० | LT. No. 315896 | चलानी नं. ६०२२४३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing Labour | 3 | 4 | 1000 | ३७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ०८५/०५३/०५४
**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## युएईमा रोजगार
कम्पनी : POWER FORCE SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 287212 | चलानी नं. ६०२०२७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 8 | 19 | 900 | ३३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard - SIRA | 12 | 10 | 1200 | ४४,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)**
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७३३०० | प्रति तोला – ० | प्रति तोला – १९८० |

## 'उद्यमशीलता र पुँजीको संयोजनले बेरोजगारी समस्या समाधान गर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइएमई ग्रुप र आईएक्सआई कर्पले रोजगार बजारमा दक्ष जनशक्तिको माग पुरा गर्न काठमाडौं टेक्निकल स्कुल सञ्चालनमा ल्याएका छन् । मंगलबार काठमाडौंको धुम्बाराहीस्थित काठमाडौं टेक्निकल स्कुलको प्रांगणमा आयोजित एक विशेष समारोहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री सरतसिंह भण्डारीले उक्त स्कुलको उद्घाटन गरेका हुन् ।

यस स्कुलले हस्पिटालिटी, कुलनिरी आर्टस, केयर गिभिङ, बारिस्ता, बार टेन्डिङलगायत तीन दर्जनभन्दा बढी रोजगारमूलक तथा स्वरोजगार मूलक विधाहरूमा तालिमहरू सञ्चालन गर्नेछ । स्कुलले आगामी एक दशकमा १ लाखभन्दा बढी कुशल जनशक्ति तथा प्रोफेशनलहरू उत्पादन गर्ने लक्ष्य लिएको छ । आफ्नो अढाइ दशकको व्यावसायिक यात्रामा आइएमई ग्रुपले बैंक तथा वित्तीय क्षेत्र, बीमा, पर्यटन तथा आतिथ्य, पर्यटन पूर्वाधार, जलविद्युत, म्यानुफ्याक्चरिङलगायत क्षेत्रमा अनेकौं उद्योग तथा परियोजनाहरू सञ्चालन गरिसकेको छ ।

आईएक्सआई कर्पले वैकल्पिक लगानी, वैकल्पिक ऊर्जा, वैकल्पिक शिक्षा, प्रविधि र सार्वजनिक नीतिका क्षेत्रमा काम गरिरहेको छ ।

उक्त अवसरमा मन्त्री भण्डारीले सीप, रोजगारी, उद्यमशीलता र पुँजीको संयोजनले मात्र बेरोजगारी र गरिबीका समस्या समाधान गर्न सक्ने भएकाले सरकारले निजी क्षेत्रसँग साझेदारीलाई प्राथमिकतामा राखेको बताए ।

उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले यस काठमाडौं टेक्निकल स्कुलको औपचारिक सञ्चालनसँगै अब आइएमई ग्रुप प्राविधिक जनशक्ति उत्पादनका क्षेत्रमा अगाडि बढेको बताए । उनले यस स्कूलले थप हजारौ युवालाई रोजगार वा स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

'हामीले आगामी एक दशकमा १ लाखभन्दा बढी कुशल जनशक्ति तथा प्रोफेशनलहरू उत्पादन गर्ने लक्ष्य लिएका हौं । यसका लागि यस स्कुलले तीन दर्जनभन्दा बढी रोजगारमूलक तथा स्वरोजगारमूलक विधाहरूमा तालिमहरू सञ्चालन गर्नेछ,' उनले भने ।

## हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैत तेस्रो सातादेखि

■ प्रभाव संवाददाता

**बागमती–** लामो समयदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले यही चैतको तेस्रो सातादेखि पुनःउत्पादन सुरु गर्ने भएको छ । उद्योगका मेसिनको मर्मत सम्भार सकिएको, उद्योगका लागि तत्काल चाहिने कच्चा पदार्थ सुनिश्चितता र कर्मचारी काम गर्न सहमत भएपछि उत्पादन सुरु गर्ने तयारी भइरहेको हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक ईञ्जिनियर नविनकुमार कर्णले बताए ।

'उद्योगको मेसिन पुरानो र बिग्रिसकेकाले त्यसलाई मर्मत सम्भार गर्न केही समय लाग्यो', निमित्त महाप्रबन्धक कर्णले भने, 'स्थापनाकालमा जडान गरिएको मेसिन हो, यसलाई विस्थापित गरेर नयाँ मेसिन जडान गर्नपुर्ने देखिन्छ तर आर्थिक समस्याका कारण तत्काल त्यो सम्भव नदेखिएपछि मर्मत गराएका छौं ।'

यसबाट तत्काल सिमेन्ट उत्पादन गर्न सकिने उनको भनाइ छ । उनका अनुसार उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ केही मौज्दात रहेको र केही आउने सुनिश्चितता भइसकेको छ ।

'अहिले हामीसँग करिब एक सय टन कोइला छ', निमित्त महाप्रबन्धक कर्णले भने, 'अरु कोइला भोलिदेखि आउने भएको छ, त्यसैले कच्चा पदार्थको खासै समस्या हुँदैन ।' कोइलाको पुरानो भुक्तानी हुन नसकेकाले कम्पनीसँग कुराकानी गरी उद्योग सञ्चालन गर्न कोइला पठाउन तयार भएको उनले बताए ।

उद्योग सञ्चालनका लागि विद्युत् समस्या पनि समाधान हुने उनले बताए । 'उद्योग चलाउन नियमित विद्युत् चाहिन्छ, त्यसका लागि नेपाल विद्युत् प्राधिकरणसँग कुराकानी भएको छ', उनले भने, 'प्राधिकरणले नियमित विद्युत् दिने प्रतिबद्धता जनाएको छ, अब त्यो समस्या नरहला ।' उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मत गर्नुपर्ने भएकाले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योग बन्द हुँदा कर्मचारीले विगत तीन महिनादेखि तलब भत्ता पाउन सकेका छैनन् ।

विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । तर आर्थिक समस्यालगायतका कारण उद्योग बन्द भएको थियो ।

एक पछि अर्को समस्यासँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेश्रो साताबाट पुनःसिमेन्ट उत्पादन सुरु गरेपनि मेसिन मर्मत गर्नुपर्ने भएपछि असोज १५ गतेदेखि उद्योग बन्द भएको थियो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमता रहेको सो उद्योग आर्थिक समस्यालगायतका कारण थलिएको छ ।

### भोजपुरबाट तीन महिनापछि उडान

**भोजपुर (प्रस)–** भोजपुरको टक्सारस्थित विमानस्थलबाट तीन महिनापछि उडान सुरु भएको छ । गत पुसबाट बन्द विमानस्थलमा नेपाल वायुसेवा निगमको जहाजले मंगलबारदेखि उडान सुरु गरेको नेपाल वायुसेवा निगम भोजपुरका स्टेशन प्रमुख प्रकाश खड्काले जानकारी दिए ।

## एक अर्ब ९८ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)–** आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्षको आठ महिनामा रु एक अर्ब ९८ करोड ९४ लाख ६८ हजार राजस्व संकलन गरेको छ । उक्त रकम गत आव २०८०/०८१ को सोही अवधिको तुलनामा आठ प्रतिशतले बढी हो ।

कार्यालयको तथ्यांकअनुसार गत आव २०८०/०८१ को सोही अवधिमा रु एक अर्ब ८४ करोड १७ लाख १५ हजार राजस्व संकलन भएको प्रमुख कर अधिकृत कृष्णचन्द्र काफ्लेले जानकारी दिए । आन्तरिक राजस्व कार्यालयले चालु आवमा रु चार अर्ब ६१ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ ।

गत आवभन्दा राजस्व सङ्कलन बढे पनि चालु आवको आठ महिनाको लक्ष्यको ८४ प्रतिशत राजस्व संकलन भएको छ । कार्यालयले आठ महिनामा आयकरबाट रु ८९ करोड २७ लाख ८५ हजार, ब्याजबापत रु छ करोड ९० लाख ९० हजार, मूल्य अभिवृद्धि करबापत रु ६६ करोड ६५ लाख १५ हजार, अन्तःशुल्कबापत रु ३३ करोड १८ लाख ४५ हजार राजस्व संकलन गरेको छ ।

अन्तःशुल्क तिर्ने प्रतिष्ठानको नियमित अनुगमन र निगरानीले गर्दा चालु आवको आठ महिनामा गत वर्ष सोही अवधिको तुलनामा ४३ दशमलव ७९ प्रतिशत अन्तःशुल्क वृद्धि भएको प्रमुख कर अधिकृत काफ्लेले बताए । कार्यालयले राजस्व संकलनको लक्ष्य हासिल गर्न निरन्तर बजार अनुगमन र निगरानी गरिरहेको छ । यसका साथै कर बक्यौता राख्ने करदाताको बैंक खाता रोक्का गर्ने, जग्गा रोक्का गर्नेलगायत कानुनी कारबाही गर्ने गरिएको उनले बताए ।

## हुलाकी राजमार्ग आयोजना समयमा नै सम्पन्न गर्नुपर्नेमा सांसदहरूको जोड

■ प्रभाव संवादादता

**काठमाडौं–** सांसदहरूले हुलाकी राजमार्ग आयोजना समयमा नै सम्पन्न गर्नुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको ३९औं बैठकमा मंगलबार हुलाकी, बिपी र अरनिकोलगायत राष्ट्रिय राजमार्गहरूको वर्तमान अवस्थाबारे भएको छलफलमा सांसदहरूले आवतजावतमा सहज बनाउँदै तराईको अर्थतन्त्र सुधारका लागि पनि हुलाकी सडक समयमा नै सम्पन्न गर्न सुझाव दिएका हुन् ।

बैठकमा सांसद मोहनबहादुर बस्नेतले सूर्यविनायकदेखि धुलिखेलसम्मको सडकखण्डमा रहेका ७० भन्दा बढी घरटहरा तथा मन्दिरका कारण समयमा काम अगाडि बढाउन चुनौती रहेको भन्दै यस विषयमा सरकारको ध्यानाकर्षण हुनुपर्ने बताए । 'आगामी आर्थिक वर्षसम्ममा बजेट व्यवस्थापन हुन सकेन भने यो बाटो समयमा नै सम्पन्न नहुने र बर्खामा अझै भद्रगोल बन्ने छ । नागरिक आन्दोलनमा उत्रिसकेका छन् । यस विषयमा पनि सरकारले विचार गरोस्,' उनले भने ।

बैठकमा सांसद रामकृष्ण यादवले ठूलो जनसंख्या बसोबास गरिरहेको तराई-मधेसको महत्त्वपूर्ण हुलाकी राजमार्गलाई प्राथमिकतामा राखेर काम अगाडि बढाउन आग्रह गरे । सो सडक राम्रो भएमा त्यहाँका नागरिकको जीवनस्तरमा सुधार हुने र त्यसले आर्थिक विकासमा टेवा पुग्ने उनको भनाइ थियो । 'हुलाकी राजमार्ग मापदण्डअनुसार निर्माण भइरहेको छैन । यस विषयमा गम्भीर हुनुपर्छ । आयोजनालाई प्राथमितामा राखेर काम गर्नुपर्छ,' यादवले भने ।

सांसद अमनलाल मोदीले कुलमानलाई पदबाट हटाउने सरकारको निर्णय गलत भएको भन्दै आपत्ति जनाए । सांसद मनिष झाले हुलाकी राजमार्ग ७९ वर्षअघि परिकल्पना गरिए पनि हालसम्म सम्पन्न हुन नसकेको भन्दै ध्यानाकर्षण गराए । 'मधेसको अर्थतन्त्र सुधारका लागि हुलाकी राजमार्गको महत्त्व छ । निर्माण सुरु भएको १६ वर्ष बितिसक्दा पनि अझै सम्पन्न भएको छैन,' राजमार्गलाई प्राथमिकतामा राखिएको छैन । कुनै पनि नेताको नाम नराखेकोले प्राथमिकतामा नपरेको हो ?,' उनले प्रश्न गरे ।

सांसद हरि ढकालले मुलुकका सडकहरू निर्माण तथा सुधारका लागि प्रशस्त बजेट नहुने तर अन्य अनावश्यक संरचना बनाउनका लागि राज्यको स्रोत खर्च भइरहेको भन्दै प्राथमिकताको आधारमा बजेट विनियोजन गर्नसुझाव दिनुभयो । सांसद जनार्दन शर्माले हुलाकी राजमार्ग निर्माणका लागि लामो समय लागेको भन्दै ऐन संशोधन गरेर भए पनि चाँडै सम्पन्न गर्नुपर्ने धारणा राखे । 'आयोजना समयमा नै टेन्डर दिएको भए ७० अर्ब रूपैयाँमा बन्थ्यो तर अहिले तीन खर्ब रूपैयाँ बजेट लाग्छ,' उनले भने, 'खरिद ऐनले बाधा पुगेको भए संशोधन गरेर भए पनि ढिला नगरौं ।'

सांसद अर्जुननरसिंह केसीले राष्ट्रिय गौरवका २५ आयोजनामध्ये तीनवटा मात्रै सम्पन्न भएको र २२ वटा आयोजना अझै अलमलमा रहेको भन्दै सरकारले गम्भीर बन्नुपर्ने बताए । 'नुवाकोटको पासाङल्हामु मार्ग बजेटको अभावमा अलपत्र छ, यसमा सरकारले ध्यान दिनुपर्छ,' उनले भने, 'विपद्को हिसाबले जोखिम रहेका क्षेत्रको बारेमा अध्यायन गरेर विपद्मैत्री पूर्वाधार निर्माण गर्नुपर्छ ।' केसीले चार महिना कार्यकाल भएको घिसिङलाई हटाएर सरकारले गल्ती गरेको बताए ।

सांसद श्यामकुमार घिमिरेले हुलाकी राजमार्ग समयमा नै सम्पन्न गर्ने विषयमा सरकार गम्भीर हुनुपर्ने बताए । सांसद देवप्रसाद तिमल्सेनाले मन्त्रीको क्षेत्रमुखीभन्दा आवश्यकताका आधारमा आयोजना छनोट गर्नुपर्नेमा जोड दिए । सांसद प्रेम आलेले राज्यले काम गराएपछि समयमा नै ठेकेदारको भुक्तानी दिनुपर्ने बताए । सांसद योगेश भट्टराईले हुलाकी राजमार्गलाई महत्त्वका साथ हेर्न अनुरोध गरे ।

सांसदहरूको जिज्ञासाको उत्तर दिँदै भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले हुलाकी राजमार्ग भारत सरकारले बनाइदिने भने पनि ०७२ सालपछि धेरै रकम सरकारले विनियोजन गरेपछि मात्रै काम अगाडि बढेको बताए । 'प्रगति भएकै छैन । केही भएको छैन भनेर हामी निराशावादी बन्नुपर्ने अवस्था छैन । काम भइरहेको छ । गति बढाउनुपर्ने आवश्यकता छ,' उनले भने ।

## सिटिजन्स बैंक र द मल्ल होटलबीच सम्झौता

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लेखनाथ मार्ग, काठमाडौं स्थित द मल्ल होटल बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा हस्ताक्षरपश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले द मल्ल होटलमा १५ प्रतिशत आकर्षक छुट पाउनेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।



विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द ईयर २०२४'को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ ।

नागरिक वडापत्रको उपयोग गरौं ।

नागरिक वडापत्रमाः

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिए बमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

सेवाग्राहीलेः

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ